# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक १८ | काठमाडौं | बिहीबार, २८ वैशाख २०८० | Prabhab National Daily | Thursday, May 11, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


नागरिकता विधेयक प्रमाणीकरण

## चरणबद्ध परामर्शमा राष्ट्रपति पौडेल



■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले केही दिनदेखि नागरिकतासम्बन्धी विधेयकबारे सरोकारवाला विज्ञसँग चरणबद्ध परामर्श गरिरहेका छन् । यसै सन्दर्भमा बुधबार पनि संविधान तथा कानुनविद्सँग यस विषयमा परामर्श गर्दै संसद्बाट सबै अंग पुगेको, सभामुखले प्रमाणित गरिसकेर बाटोमा रोकिएको विधेयकलाई बाटोमै मर्‍यो भनेर राष्ट्रपतिको मर्जी वा खुसीमा छाडिदिने हो भने संसद्को सार्वभौमिकता कहाँ पुग्छ भनी जिज्ञासा राखेका छन् ।

संघीय संसद्को पहिलो कार्यकालमा तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणीकरण नगरेको नागरिकतासम्बन्धी विधेयक सत्तारुढ गठबन्धनले प्रमाणीकरण गराउन चाहेपछि पौडेलले परामर्श थालेका हुन् । यसअघि राष्ट्रपतिले आइतबार र सोमबार यस विषयमा विभिन्न चासोसमेत राखेका थिए । 'दुई-दुई पटक सम्प्रभु संसद्बाट पारित भई आएको नागरिकता विधेयक म्यादभित्र प्रमाणीकरण नभएपछि जहिलेसुकै प्रमाणीकरण गर्न मिल्ने हो कि होइन ?,' पौडेलले कानुनविद्लाई सोधेका थिए ।

राष्ट्रपति पौडेलले आइतबार महान्यायधिवक्ता डा. दिनमणि पोखरेल र सोमबार नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेसहितको टोलीसँग विधेयकबारे विभिन्न प्रश्नसमेत सोधेका थिए ।

संघीय संसद्का दुवै सदनबाट बहुमतले पारित गरेर पठाएको विधेयक राष्ट्रपतिले १५ दिनभित्र प्रमाणीकरण गर्ने वा पुनर्विचारका लागि फिर्ता पठाउनसक्ने संवैधानिक व्यवस्था छ ।

राष्ट्रपति पौडेलले बुधबार तीन जना कानुन व्यवसायीसँग छलफल गरेको उनका प्रेस सल्लाहकार किरण पोखरेलले बताएका छन् । पौडेलले संवैधानिक कानुनका जानकार डा. विपिन अधिकारी, डा. रुद्र शर्मा तथा कृष्ण बस्यालसँग परामर्श गरेका हुन् । विधेयक प्रमाणीकरणमा उनीहरूले मिश्रित राय दिएको सल्लाहकार पोखरेलले बताए ।

पोखरेलका अनुसार राष्ट्रपति पौडेलले विधेयक प्रमाणीकरण गर्न मिल्ने वा नमिल्नेबारे जानकारी लिएका छन् । संसद्बाट पारित विधेयकमा कसको स्वामित्व हुन्छ भन्ने प्रश्नसमेत राष्ट्रपतिले सोधेका छन् ।

### यी हुन् राष्ट्रपतिका थप प्रश्न

१. संसद्बाट सबै अंग पुगेको, सभामुखले प्रमाणित गरिसकेर बाटोमा रोकिएको विधेयकलाई बाटोमै मर्‍यो (**बाँकी पृष्ठ २ मा**)

नक्कली शरणार्थी प्रकरण

# पूर्वगृहमन्त्री खाण पक्राउपछिको तरंग

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेकपा एमालेका सचिव एवं पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी फरार भएपछि सेलाउँदै गएको नक्कली शरणार्थी प्रकरण बुधबार पुनः गर्मायो । बिहानै काठमाडौंको मैजुबहालबाट पूर्वगृहमन्त्री बालकृष्ण खाण पक्राउ परेपछि दिनभर यसैले गर्माएको हो ।

नेपालीलाई भुटानी शरणार्थी बनाएर अमेरिका लैजाने भन्दै करोडौं ठगी गरेको प्रकरणमा मुछिएपछि रायमाझी फरार छन् । उनलाई एमाले अध्यक्ष केपी शर्मा ओलीकै संरक्षण रहेको आरोप लागेको छ । प्रहरीमा आफैं आउने बताएका रायमाझी एकाएक फरार भएको हप्ता दिन बितेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाललाई एमाले अध्यक्ष ओलीले भेटेलगत्तै रायमाझी फरार भएका थिए । त्यसलगत्तै ओलीमाथि रायमाझी जोगाउन लागिपरेको आरोप लागेको हो ।

विपक्षी नेता नै जोगिएपछि यो प्रकरणमा मुछिएका सत्तारुढ दलका शक्तिशाली नेतासमेत रहेका पूर्वगृहमन्त्री पक्राउ पर्नेमा धेरैले शंका व्यक्त गरेका थिए । तर, खाण बिहानै मैजुबहालबाट पक्राउ परे । उनी पक्राउ परेसँगै सनसनी फैलियो ।

### प्रहरीमा चार घण्टा बयान

खाणलाई काठमाडौं जिल्ला प्रहरी परिसरमा प्रहरीले चार घण्टाभन्दा बढी समय खाणसँग घटनाबारे सोधपुछ गरेको थियो । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले खाणसँग सोधपुछ गरेको हो । नक्कली शरणार्थी प्रकरणमा रकम बुझेको बयान र केही प्रमाणसमेत भेटिएपछि उनलाई नियन्त्रणमा लिइएको प्रहरी अधिकारीहरू बताउँछन् ।




- बिहान ९ बजे पूर्वगृहमन्त्री बालकृष्ण खाण मैजुबहालबाट पक्राउ
- पक्राउपछि काठमाडौं प्रहरी परिसरमा पाँच घण्टा केरकार
- काठमाडौं जिल्ला अदालत लगिएका खाणविरूद्ध तीन दिन हिरासतमा राख्न अनुमति
- सिंहदरबारमा प्रधानमन्त्रीसहित देउवा र ओलीको छलफल
- फरार रहेका आफ्ना सचिव टोपबहादुर रायमाझीलाई एमालेले गर्‍यो निलम्बन
- आफू बिरामी रहेको भन्दै इमेलमार्फत संसद्मा रायमाझीको पत्र
- आफ्नो नाम जोडेर आएको भिडियो फेक भन्दै साइबर ब्युरोमा कांग्रेस नेतृ आरजु राणाको निवेदन
- साँझ देउवानिवास धुम्बाराहीमा कांग्रेसको आकस्मिक पदाधिकारी बैठक

पूर्वगृहमन्त्री खाणलाई उनकै बा १७ च ३७३ नम्बरको गाडीमा राखेर प्रहरी कार्यालय पुर्‍याइएको थियो । स्कर्पियोमा चार/पाँच जना प्रहरीसमेत राखेर उनलाई जिल्ला प्रहरी परिसर काठमाडौं लगिएको थियो । अदालत लैजाँदा भने प्रहरीको भ्यानमा लगियो । उनका स्वकीय सचिव नरेन्द्र केसीलाई पनि प्रहरीले पक्राउ गरेको छ । सरकारी वकिलको कार्यालयमा भने खाणले कसैलाई पनि नक्कली शरणार्थी बनाएर अमेरिका नपठाएको दाबी गरेका छन् । 'नक्कली शरणार्थी बनाएर कसैलाई पनि अमेरिका पठाएको छैन । कोही पनि अमेरिका नगएको घटनामा कसरी ठगी भयो?,' खाणले प्रश्न गरेको प्रहरी स्रोतले जनायो ।

### तीन दिन हिरासतमा राख्न अनुमति

नेपाली कांग्रेसका केन्द्रीय सदस्यसमेत रहेका पूर्वगृहमन्त्री खाण र उनका स्वकीय सचिव केसीलाई तीन दिन हिरासतमा राखेर अनुसन्धान गर्न काठमाडौं जिल्ला अदालतले प्रहरीलाई अनुमति दिएको छ ।

जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंले बुधबार पक्राउ परेका खाण र केसीको हकमा तीन दिन र अन्यको हकमा चार दिन म्याद थपको सिफारिससहित अदालतमा पेस गरेको थियो । अदालतबाट माग भएबमोजिम नै म्याद थप भएको हकमा भने चार दिन म्याद थप भएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रहरी उपरीक्षक सीताराम रिजालले जानकारी दिए । खाणलाई जिल्ला प्रहरी परिसर टेकुको हिरासतमा राखिएको छ ।

### को-को पक्राउ परे ?

नक्कली शरणार्थी प्रकरणमा अहिलेसम्म प्रहरीले १२ जनालाई पक्राउ गरी अनुसन्धान जारी राखेको छ । यसअघि मंगलबार काठमाडौंको टोखा बस्ने रामशरण केसी र मोरङ घर भएका गोविन्द चौधरीलाई प्रहरीले पक्राउ गरेको थियो ।

त्यसअघि प्रहरीले तत्कालीन गृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार इन्द्रजित राईसहित बहालवाला सचिव (तत्कालीन गृहसचिव) टेकनारायण पाण्डे, सन्दीप रायमाझी, केशव दुलाल, सानु भण्डारी, टंक गुरुङ, सन्देश शर्मा पोखरेल र सागर थुलुङलाई पक्राउ गरिसकेको छ । सचिव पाण्डेलाई हाल निलम्बन गरिएको छ ।

उक्त घटनामा मुछिएका एमालेसचिव रायमाझीलाई भने प्रहरीले खोजी गरिरहेको छ । उक्त घटनामा हालसम्म १०६ जनाले २० वटा जाहेरी दिएका छन् । उनीहरूले कूल २३ करोड २५ लाख रूपैयाँ ठगी भएको जाहेरी दिएका छन् ।

### आरजु साइबर ब्युरोमा

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं सांसद डा. आरजु राणा देउवाले नक्कली भुटानी शरणार्थी प्रकरणमा आफ्नो नाम जोडेर आएको अडियो 'फेक' भएको भन्दै छानबिन गरी दोषीलाई कारबाहीको मागसहित नेपाल प्रहरीको साइबर ब्युरोमा उजुरी दिएकी छन् । खाण पक्रिनसाथ उनले (**बाँकी पृष्ठ २ मा**)

सन्दर्भ : वैदेशिक रोजगार

## श्रम तथा रोजगार सेवासम्बन्धी कार्यविधि स्वीकृत

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन र व्यवस्थापन) सम्बन्धी कार्यविधि, २०८० स्वीकृत गरेको छ । श्रम तथा रोजगारसम्बन्धी सेवा तथा सुविधा स्थानीय तहबाटै एकीकृतरूपमा प्रदान गर्ने उद्देश्यले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले उक्त कार्यविधि स्वीकृत गरेको हो ।

एकीकृत कार्यविधिले नागरिकलाई व्यावसायिक सीप विकास, रोजगार प्रवर्द्धन, उत्पादनशील रोजगार सिर्जना, उद्यमशीलता प्रवर्द्धन, वैदेशिक रोजगारीका लागि श्रम स्वीकृतिमा सहजीकरण गर्न सघाउ पुग्ने मन्त्रालयले जनाएको छ । कार्यविधिमा स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रमार्फत श्रमबजार सम्बद्ध सूचनाको संकलन तथा विश्लेषण गर्ने, आन्तरिक रोजगार प्रवर्द्धन, सीप र क्षमताको अन्तरविश्लेषण गरी रोजगारउन्मुख सीप प्रदान गर्न संयोजन तथा सञ्चालन गर्ने उल्लेख गरिएको छ ।

यसैगरी वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्न आवश्यक सहजीकरण तथा परामर्श दिने, वैदेशिक रोजगारबाट फर्केका श्रमिकलाई सामाजिक र आर्थिक पुनःएकीकरणमा सहभागी गराउने, स्वरोजगारका लागि उद्यमशीलता विकास तथा व्यावसायिक योजना निर्माणमा सहयोग पुऱ्याउने विषयमा जोड दिइएको छ ।

कार्यविधिअनुसार श्रम र रोजगारसम्बन्धी सूचना प्रणाली सञ्चालन गर्नेलगायतका एकीकृत श्रम तथा रोजगारसम्बन्धी क्रियाकलापहरू स्थानीय तहको माग र आवश्यकताको आधारमा सञ्चालन गरिने मन्त्रालयका उपसचिव एवं सहायक प्रवक्ता कविराज उप्रेतीले जानकारी दिए । उनका अनुसार कार्यविधिमा उत्पादनशील रोजगार सिर्जना गर्न सरकारी, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य तथा साझेदारी गरिने उल्लेख गरिएको छ ।

यसको अतिरिक्त श्रमबजारमा रोजगारी प्रवर्द्धन तथा विस्तार गर्न आवश्यकता र मागको आधारमा स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रलाई नमूना रोजगार सेवा केन्द्रको रूपमा सञ्चालन गर्न सकिने व्यवस्थासमेत कार्यविधिमा रहेको छ । कार्यविधिको कार्यान्वयनपश्चात् नागरिकले श्रम तथा रोजगारसम्बन्धी सबै सेवाहरू आफ्नै स्थानीय तहबाट प्राप्त गर्ने मन्त्रालयले विश्वास लिएको छ ।

## साउदीले भिएफएस प्रणालीबाट भिसा दिने



**काठमाडौं (प्रस)–** नेपालस्थित साउदी अरेबियाको दूतावासले भिएफएस प्रणालीबाट भिसा दिने तयारी भइरहेको बताएको छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघ प्रतिनिधिमण्डलसँगको भेटवार्तामा नेपालका लागि साउदी राजदूत साद अबुहमिदले निकट भविष्यमा नै साउदी सरकारले भिएफएस प्रणालीबाट भिसा दिने तयारी गरिरहेको आशय व्यक्त गरेको बताइएको छ ।

साउदीमा नेपाली कामदार पठाउने व्यवसायीहरूको इञ्जाजित ब्लक भएको र आइडी कार्ड खोसिएको सम्बन्धमा छलफलका लागि संघका अध्यक्ष राजेन्द्र भण्डारीको नेतृत्वमा गएको प्रतिनिधिमण्डलसँग राजदूत अबुहमिदले भिएफएस प्रणालीबाट भिसा प्रोसेसिङ हुने आशा व्यक्त गरेको संघका महासचिव मेघनाथ भुर्तेलले जानकारी दिए ।

प्रतिनिधिमण्डलमा संघका अध्यक्ष भण्डारी, महासचिव भुर्तेल र सदस्य तथा साउदी अरब मामिला प्रमुख वैकुण्ठ पौडेल रहेका थिए । हाल साउदीमा कामदार पठाउन भएका कठिनाइ तथा दूतावासले दिनुपर्ने सेवा सुविधाका विषयमा गम्भीर छलफल भएको भुर्तेलले बताए ।

छलफलपश्चात् इञ्जाजित ब्लक भएका र आइडी कार्ड खोसिएका व्यवसायीहरूलाई आफ्नो पालोअनुसार आवश्यक कागजातसहित दूतावासको कन्सुलर शाखामा सम्पर्क गर्न संघले आग्रह गरेको छ । त्यस्तै नयाँ आइडी कार्ड लिन चाहने व्यवसायीको हकमा साउदी रोजगारदाता कम्पनीबाट प्राप्त भएका मागपत्रको सक्कल प्रतिसहित दूतावासको कन्सुलर शाखाबाट माग भएबमोजिम आवश्यक कागजातको साथमा सम्पर्क गर्नुपर्ने संघले जानकारी दिएको छ ।

## नौ महिनामा भित्रियो नौ खर्ब रेमिटचान्स

**काठमाडौं, (प्रस)–** चालु आर्थिक वर्षको नौ महिनामा नौ खर्ब तीन अर्ब ३९ करोड रूपैयाँ विप्रेषण (रेमिटचान्स) भित्रिएको छ । नेपाल राष्ट्र बैंकले चैत मसान्तसम्मको वर्तमान आर्थिक तथा वित्तीय स्थिति सार्वजनिक गर्दै उक्त जानकारी दिएको हो ।

गत वर्षको सोही अवधिको तुलनामा रेमिटचान्स २४.२ प्रतिशतले बढेको राष्ट्र बैंकको प्रतिवेदनमा उल्लेख छ । अघिल्लो वर्षको सोही अवधिमा रेमिटचान्स ०.२ प्रतिशतले घटेको थियो ।

चैत महिनामामात्रै एक खर्ब नौ अर्ब ७० करोड रूपैयाँ रेमिटचान्स भित्रिएको छ । यस्तो रकम गत फागुन महिनामा एक खर्ब चार अर्ब ४४ करोड रूपैयाँ भित्रिएको थियो । त्यस्तै माघ महिनामा एक खर्ब चार अर्ब ८० करोड रूपैयाँ भित्रिएको थियो । चैत महिनामा अमेरिकी डलरमा रेमिटचान्स आप्रवाह १३.९ प्रतिशतले बढेर छ अर्ब ९२ करोड पुगेको राष्ट्र बैंकको तथ्यांक छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १.८ प्रतिशतले घटेको थियो ।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत) लिने नेपालीको संख्या गत आवको सोही अवधिको तुलनामा ५१.५ प्रतिशतले बढेको छ । उक्त अवधिमा तीन लाख ८७ हजार ८३९ जना जनाले श्रम स्वीकृति लिएका हुन् । त्यसैगरी, वैदेशिक रोजगारीका लागि पुनःश्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा ५.५ प्रतिशतले बढेर दुई लाख १७ हजार ९५९ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या १९९.९ प्रतिशतले बढेको थियो ।




# एपिएफ अस्पतालमा डायलासिस सेवा सुरु

**काठमाडौं (प्रस)–** नेपाल एपिएफ अस्पताल बलम्बुमा बुधबारदेखि मिर्गौलाको डायलासिस सेवा सुरु भएको छ । सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले काठमाडौंको बलम्बुस्थित नेपाल एपिएफ अस्पतालमा थप गरिएको डायलासिस सेवाको सुरुआत गरे ।

सोही अवसरमा महानिरीक्षक अर्यालले नेपाल सरकारले जनस्वास्थ्यप्रति चासो राख्दै डायलाइसिस र मिर्गौला प्रत्यारोपणमा सहयोग उपलब्ध गराउने निर्णय भएपछि सुरु भएको डायलाइसिस सेवाले नेपाल एपिएफ अस्पतालको विस्तार र विविधिकरणमा महत्त्वपूर्ण टेवा पुऱ्याउने विश्वास व्यक्त गरे ।

उनले नेपाल एपिएफ अस्पताललमा आइसियू तथा भेन्टिलेटरको सुविधा रहे पनि आपत्कालीन अवस्थामा बिरामीलाई डायलाइसिस सेवा दिनुपर्दा अन्य अस्पताल लैजानुपर्ने र विरामीको स्वास्थ्यमा जोखिम उठाउनुपर्ने बाध्यतालाई निराकरण गर्न यो सेवा प्रभावकारी एवं फलदायी रहनेसमेत बताए ।

महानिरीक्षक अर्यालले अस्पतालमा डायलासिस सेवा विस्तारले सशस्त्र प्रहरी कर्मचारी, आश्रित परिवारजन, अमर सशस्त्र प्रहरीका परिवारजन, अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारी एवं परिवारजन, स्थानीयवासीलगायत आम सर्वसाधारण तथा विपन्न नागरिकले पनि सेवा पाउने बताउँदै नेपाल एपिएफ अस्पतालले कसैप्रति आग्रह पूर्वाग्रह नराखी कसैलाई पक्षपात नगरी उत्कृष्ट सेवा प्रदान गरी आमनागरिकको मन जित्न सफल हुने विश्वास व्यक्त गरे ।

उनले नेपाल एपिएफ अस्पतालको सेवा विस्तार कार्यमा संगठनलाई प्रत्यक्ष एवं अप्रत्यक्षरूपमा सहयोग पुऱ्याउने संघीय प्रादेशिक तथा स्थानीय निकाय साथै विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संघ संस्थालगायत सरोकारवाला निकायलाई धन्यवाद दिए ।

नेपाल एपिएफ अस्पतालका प्रमुख प्राविधिक सशस्त्र प्रहरी नायब महानिरीक्षक डा रूपक महर्जनले नेपाल एपिएफ अस्पतालमा हाल छ शयचा क्षमताको डायलासिस सेवा सञ्चालनमा ल्याई आगामी दिनमा अन्य सेवा सुविधासमेत विस्तार गर्दै लगिने बताए । डायलासिस सेवा सञ्चालनका लागि नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य सेवा विभागबाट चार थान र सहिद धर्मभक्त मानव अंग प्रत्यारोपण केन्द्रबाट एक थान डायलासिस मेसिन प्राप्त भएको जनाइएको छ ।

## मिटरब्याजीलाई कारबाही गर्ने अध्यादेश स्वीकृत

**काठमाडौं (प्रस)–** प्रतिनिधिसभाबाट 'मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८० ' सर्वसम्मतरूपमा स्वीकृत भएको छ। सभाको बुधबारको बैठकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङ...का तर्फबाट अर्थमन्त्री डा प्रकाशशरण महतले सो अध्यादेशलाई स्वीकृत गरियोस् भनी प्रस्ताव प्रस्तुत गरेका थिए ।

बैठकमा सभामुख देवराज घिमिरेले सो अध्यादेशलाई अस्वीकार गरियोस् भन्ने सूचना प्राप्त नभएको व्यहोरा सदस्यलाई जानकारी गराएका थिए । यही वैशाख २४ गतेको बैठकमा कानुनमन्त्री गुरुङले सो अध्यादेश प्रतिनिधिसभामा पेस गरेका थिए ।

## माईग्रेसन हराएको सूचना

मिति २०८०/०१/२४ गते जोरपाटीदेखि चावहिलसम्म जाँने क्रममा मेरो निम्न व्यहोरा भएको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : हाशा देवी बुढा
रजिस्ट्रेसन.नं.: ७५६५०६०११
सिम्बोल.नं.: ९६५०००७६
ठेगाना.: मुगु
सम्पर्क: ९८६३१४५८५०

## श्री बाघदैला चिसापानी सामुदायिक बन उपभोक्ता समुह
बबई गा.पा. वडा नं. ६ पंचकुले दाङ

### बोलपत्रद्वारा काठ लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति ०८०/०१/२८

श्री बाघदैला चिसापानी सामुदायिक बन उपभोक्ता समुहको बनबाट उत्पादन भई सामुदायिक बनको भवन अगाडी घाटगद्दी गरी राखिएको साल जातको गोलिया थान ६५ को ९५६.६५ क्यू. फि. जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ सस्था, फर्म वा कम्पनिले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि बिस्तृत जानाकारीको लागि यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण ब्यहोराको सुचना यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालयको सुचना पाटीमा, बन निर्देशनालय भैरहवामा डिभिजन बन कार्यालय घोराही दाङमा र दाङ जिल्ला स्थित अन्य कार्यालयहरूमा समेत टाँस गरिने छ ।

श्री बाघदैला चिसापानी सामुदायिक बन उपभोक्ता समुह
बबई गा.पा. वडा नं. ६ पंचकुले दाङ

# 'स्वास्थ्य बिमाको उपचार सरल बनाउनुपर्छ'

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले स्वास्थ्य बिमा कार्यक्रमको उपचार पद्धति सरल बनाउनुपर्ने बताएका छन् ।

मन्त्रालयमा बुधबार पत्रकारसँग कुराकानी गर्दै उनले स्वास्थ्य बिमा कार्यक्रम कार्यान्वयन प्रभावकारी बनाएर उपचार पद्धति सरल बनाइने बताए । 'स्वास्थ्य बिमा कार्यक्रममा एकरूपता पनि भएन,' उनले भन्नुभयो, 'जुन ढंगले बिमा कार्यक्रम लागू हुनुपर्ने हो, त्यो भएन । अब बिमा कार्यक्रमलाई प्रभावकारीरूपमा कसरी कार्यन्वयन गर्ने भन्नेमा सम्बन्धित पक्षसँग कुरा गरिरहेको छु ।'

मन्त्री बस्नेतले राज्य स्वास्थ्य क्षेत्रमा लगानी गरेअनुसार प्रतिफल नपाएकोसमेत बताए । स्वास्थ्य मन्त्रालयले आफ्नो काममा सुधार गर्नुपर्ने उनको भनाइ थियो । उनले मन्त्रालयमा काम गर्ने कर्मचारीलाई दण्ड र पुरस्कारको व्यवस्था गरेर सुधार गर्ने बताए ।

मन्त्री बस्नेतले स्वास्थ्य नीति राम्रो बनाउन सके दातृ निकायले पनि लगानी गर्ने बताए । 'स्वास्थ्य नीति राम्रो बनाउन सक्ने हो भने दातृ निकाय स्वास्थ्य क्षेत्रमा लगानी गर्न तयार रहेका छन्,' उनले भने, 'हामीले स्वास्थ्य नीति बनाएर वैदेशिक सहयोग भित्र्याउनुपर्दछ ।'

उनले सुर्तीजन्य पदार्थमा कर थोरै भएकाले बढाउन पहल गर्ने बताए । 'सुर्तीजन्य पदार्थको कर अत्यन्तै कम छ । कर बढाउँदा सुर्तीजन्य पदार्थ नखाएपछि स्वास्थ्य जोगिन्छ,' उनले भने ।

## पूर्वगृहमन्त्री...
पृष्ठ १ बाट जारी

नेपाल प्रहरीको साइबर ब्युरोमा निवेदन दिएकी हुन् ।

'विभिन्न सञ्चारमाध्यममा सार्वजनिक गरिएको मेरो कुनै सरोकार र जानकारी नै नभएको नक्कली भुटानी शरणार्थीका सम्बन्धमा मेरोसमेत नाम जोडी कुराकानी गरिएको अडियो रेकर्ड कहाँ, कसरी, कसले र के उद्देश्यले रेकर्ड गरेका हुन् । उक्त अडियोका बारेमा अत्याधुनिक प्रविधि प्रयोग गरी सत्यतथ्य ब्यहोरा तत्काल सार्वजनिक गर्दै दोषीमाथि कानुनअनुसार कारबाही होस् भनी यो निवेदन पेस गरेको छु,' डा. राणाले दर्ता गरेको निवेदनमा भनिएको छ । यस प्रकरणमा आरजु, बालकृष्णपत्नी मञ्जु र बालकृष्णको नाम मुछिएको छ । स्मरण रहोस्, पूर्वगृहमन्त्री खाण विज्ञप्तिमार्फत आफू घटनामा संलग्न नरहेको भन्दै शनिबारमात्र प्रस्टीकरण दिएका थिए ।

### पार्टी सचिवबाट निलम्बित, बिरामी भएको पत्र संसद्मा

वैशाख २० मै पक्राउ पुर्जी जारी गरिएका एमालेसचिव रायमाझीलाई जोगाउन ओलीले अनेक गरे । तर, कांग्रेसका नेता एवं पूर्वगृहमन्त्री खाण पक्राउ परेपछि एमाले अप्ठेरोमा पऱ्यो । मंगलबार सचिवालय बैठक राखे पनि रायमाझीको विषयमा एमालेले निर्णय गरेको थिएन ।

खाण पक्राउ परेको केही समयमै एमाले महासचिव शंकर पोखरेलले विज्ञप्ति जारी गरे । विज्ञप्तिमा उनको सचिव पद निलम्बनमा परेको र अनुसन्धानमा प्रहरीलाई सघाउन पार्टीको निर्देशन थियो । लगत्तै रायमाझी बिरामी भएको जानकारीसहितका पत्र संसद्मा आयो । रायमाझीले आफू बिरामी रहेकाले संसद्को बैठकमा उपस्थित हुन नसक्ने भन्दै पत्र पठाएका हुन् । संसद् अधिवेशन सुरु भएर प्रतिनिधिसभाको बैठक २४ वैशाखयता दैनिक बसिरहेको छ । फरार भएकाले उनी बैठकमा उपस्थित हुन सकेका छैनन् । त्यसैले बिरामी भएको दाबी गर्दै पत्र पठाएका हुन् । संसद् बैठकमा अनुपस्थित हुने सांसदको बिदा स्वीकृत हुनुपर्ने व्यवस्था छ । लगातार १० पटकसम्म बैठकमा अनुपस्थित भए कारवाही हुने व्यवस्थासमेत रहेको छ ।

### गृहमन्त्रीसँग शीर्ष तीन नेताको भेट

पूर्वगृहमन्त्री पक्राउ परेपछि उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठसँग प्रधानमन्त्रीसहित शीर्ष नेताले भेटे । सिंहदरबारमा गृहमन्त्री श्रेष्ठ, प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष दाहाल, कांग्रेस सभापति देउवा र एमाले अध्यक्ष ओलीको भेट भएको हो ।

प्रधानमन्त्री दाहालले नक्कली भुटानी शरणार्थी ठगीका विषयमा प्रहरीले जसरी अनुसन्धान अगाडि बढाएको छ, त्यसलाई कुनै अवरोध गर्न हुँदैन भन्नेमा शीर्ष नेताको सहमति रहेको जानकारी दिए । 'हामीले प्रस्ट भाषामा भनेका छौं, दोषी कोही नछुटोस्, निर्दोष कोही नपरोस्, प्रहरीले आफ्नो काम ठीक ढंगले गरोस् भनेर हामीले आदेश दिएका छौं । प्रहरीले आफ्नो काम गरेको छ । यसकारण यो विषयमा द्विविधा हुनुपर्ने, आशंका गर्नुपर्ने कारण छैन,' प्रधानमन्त्री दाहालले भने ।

गृहमन्त्री श्रेष्ठले शरणार्थी प्रकरणको अनुसन्धानमा दोषी देखिएकाहरूलाई प्रहरीले नछाड्ने बताए । 'मैले प्रहरीलाई निर्देशन दिएको छु । त्यसको आधारमा प्रहरी निर्भिकतापूर्वक, निष्पक्ष ढंगले अनुसन्धानको प्रक्रिया अगाडि बढाउन र त्यसलाई निष्कर्षमा पुऱ्याउन लागिपरेको छ । जो अनुसन्धानले देखाउँछ, उनीहरूलाई प्रहरी प्रशासनले छोड्दैन,' बैठकपछि श्रेष्ठले भने ।

### के भयो कांग्रेस बैठकमा ?

यता नेपाली कांग्रेस पनि पूर्वगृहमन्त्री खाण पक्राउबारे छलफल गर्न पदाधिकारी बैठकमा जुट्यो । पार्टी सभापति देउवाको निवास धुम्बाराहीमा बुधबार साँझ बसेको पदाधिकारी बैठकमा खाण पक्राउ प्रकरणबारे छलफल भएको थियो ।

यस प्रकरणमा मुछिएका खाण बिहान पक्राउ परेसँगै कांग्रेसले पदाधिकारी तथा पूर्वपदाधिकारीको आकस्मिक बैठक बोलाएको थियो । बैठकमा राजधानीमा उपलब्ध पदाधिकारीहरू उपस्थित भएका थिए। यस प्रकरणमा खाणले सरकारलाई अनुसन्धानमा सघाएको कांग्रेसको ठम्याइ रहेको पार्टी प्रवक्तासमेत रहेका अर्थमन्त्री डा. प्रकाशशरण महतले बताए ।

'बालकृष्णजीको सन्दर्भमा उहाँ आफैंले सहयोग गर्छु भन्नुएको छ । पार्टीको आधिकारिक धारणा नै यो हो कि उहाँले अनुसन्धानमा सघाइरहनुभएको छ,' बैठकपछि प्रवक्ता डा. महतले भने ।

### यस्तो छ खाणको राजनीतिक यात्रा

२०४४ सालमा नेविसंघको केन्द्रीय अध्यक्ष बनेका खाण २०४८ मा ३० वर्षकै उमेरमा सांसद भएका थिए । २०५४ सालमा नेपाल तरुण दलको केन्द्रीय अध्यक्ष भएका उनी २०५६ सालदेखि नेपाली कांग्रेसको केन्द्रीय सदस्य बने ।

२०६१ मा शिक्षा तथा खेलकुद राज्यमन्त्री बनेका खाण २०६६ मा सिँचाइमन्त्री भए । त्यस्तै, २०७३ मा रक्षामन्त्री भएका उनी २०७८ मा गृहमन्त्री बने ।

२०४८ सालमा रूपन्देही-३ बाट निर्वाचित भएका खाण २०५१ को मध्यावधि निर्वाचनमा भने पराजित भए । २०५६ मा चुनावी प्रतिस्पर्धा गरेका उनी २०६४ रूपन्देही-३ बाटै निर्वाचित भएका थिए ।

२०७० मा सोही क्षेत्रबाट विजयी भएका खाण २०७४ मा प्रत्यक्ष चुनाव लडेनन् । खाण समानुपातिकबाट सांसद बने । गत मंसिर ४ मा भएको निर्वाचनमा भने गृहमन्त्री रहेकै अवस्थामा खाण रूपन्देही-३ मा पराजित भए ।

खाणले यसपटक आफू प्रत्यक्षमा उम्मेदवार भएर श्रीमती मञ्जु खाणलाई समानुपातिक सांसद बनाउन सफल भए । त्यसैगरी श्रीमती मञ्जुलाई केन्द्रीय सदस्य जिताउन पनि सफल भए । त्यसो त खाणले आफ्नै भाइलाई जिल्ला सभापति बनाएपछि उनी विवाद तानिए ।

## चरणबद्ध...
पृष्ठ १ बाट जारी

भनेर राष्ट्रपतिको मर्जी वा खुसीमा छाडिदिने हो भने संसद्को सार्वभौमिकता कहाँ पुग्छ ?

२. भोलि पनि यस्तै परम्परा बस्यो भने जनताले चुनेर पठाएको संसद्को अर्थ के हुन्छ ? व्यवस्था खलबलिन्छ कि खलबलिदैन ? व्यवस्था खलबलियो भने राष्ट्र खलबलिन्छ कि खलबलिदैन ?

३. अब मलाई संविधानको संरक्षक, पालक र राष्ट्रिय एकताको प्रवर्द्धक हुनुको नाताले संसदीय व्यवस्था जोगाउने संवैधानिक आधार चाहियो कि चाहिएन ?

४. शक्तिशालीले जे पनि गर्ने सर्वसत्तावादीलाई ७० वर्षसम्म संघर्ष गरेर कसैको 'स्वविवेक' प्रयोग गर्ने व्यवस्था हामीले फालेका हौं । अब यो विधेयकलाई अस्वीकृत गरिएको भनिएको छैन । दराजमा थन्किएको मात्र भनिएको छ । यसको चाबी खोल्ने कि नखोल्ने ?

५. सरकारले फेरि यो विधेयकलाई संसद्मा लानुपर्छ भन्ने संविधान तथा कानुनविद्हरूको रायमा थप प्रश्न गर्दै- यो विधेयकको अस्तित्व छैन भन्ने कसरी प्रमाणित गर्ने ?

६. मेरो चिन्ता राष्ट्रपतिले विधेयक अस्वीकार गरेपछि त्यो मर्ने र त्यही नजिर बस्यो भने संसदीय व्यवस्था के हुने भन्नेमा छ । मलाई ७० वर्ष भौतारिएर ल्याएको प्रणालीमाथि देखिएको यो संकटबाट बचाउने आधार चाहियो । आधार के दिनुहुन्छ ?

७. यो संकटको यस्तो समाधान खोजौं अब आउने राष्ट्रपतिले फेरि त्यस्तो कार्य कहिल्यै नगरोस् ।

८. कानुन र न्याय फरक कुरा हुन् । यो सन्दर्भमा जनता, देश र व्यवस्थालाई न्याय गर्न राष्ट्रको अभिभावकको हैसियतले मेरो जिम्मेवारी के हो ?

९. अघिल्लाले जे गरे गरे, पछिल्लाले जे गर्लान् गर्लान् भनेर मैले उम्किने हो भने मुलुकमा कस्तो परिणाम आउँछ ?

१०. यो संवैधानिक संकटबाट मुलुकलाई जोगाउन र व्यवस्थालाई बचाउन विधेयक प्रमाणीकरणका लागि केही न केही आधार चाहियो भन्ने कानुनविद्हरूको रायमा प्रतिप्रश्न गर्दै यो विधेयकसम्बन्धी यो सम्पत्ति, संसद्, सरकार वा राष्ट्रपति कसको हो ?

## हिम रिभर पावर लिमिटेडको
### विशेष साधारणसभा सम्बन्धी सूचना :

दोस्रोपटक प्रकाशित मितिः २०८०/०१/२८

कम्पनी ऐन २०६३ बमोजिम संचालनमा रहेको लिमिटेड दर्ता नं. २९३७१६ रहेको यस **हिम रिभर पावर लिमिटेडको विशेष साधारणसभा** निम्न मिति, समय र स्थानमा, उल्लेखित विशेष प्रस्तावहरु उपर छलफल गर्न बस्ने गरी संचालक समितिबाट भएको निर्णय अनुसार आब्हान गरिएकोले उपस्थितिका लागि **कम्पनीका शेयरधनीहरुको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशन** गरिएको छ ।

**साधारणसभा हुने मिति, समय र स्थान :**

**मिति** : २०८०।०२।१२ गते शुक्रवार
**समय** : दिनको ३:०० बजे
**स्थान** : कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाडौं

**छलफलका प्रस्तावहरु :**

१.कम्पनीको अधिकृत तथा जारी पूँजी बृद्धि सहित पूँजी संरचना सम्वन्धी व्यवस्था हेरफेर एवं संसोधन गर्ने सम्वन्धमा ।
२.कम्पनीको नाममा जगेडा (मौज्दात)मा रहेको शेयर बिक्री गरी हक कायम गरिदिने सम्वन्धमा ।
३.कम्पनीको शेयर सर्वसाधारणलाई बिक्री गर्ने व्यवस्था मिलाउन Initial Public Offer -(IPO) जारी गर्ने सम्वन्धमा ।
४.विविध ।

आज्ञाले,
कम्पनी सचिव

## मोटरसाइकल हराएको-सूचना

मिति २०८०/०१/२६ गते दिउँसो १२ बजे देखि बेलुका ९ बजेको बिचमा पाटन हस्पिटलको अपोजिट एस.बि.फर्निचर अगाडीबाट बा.प्र. ०२-०४०प१८२६ को कालो रातो रङ्ग २२०F सिसिको निम्न व्यहोरा भएको पल्सर मोटरसाईकल हराएको हुदाँ पाउनुहुने महानुभावले निम्न ठेगाना वा नजिकैको प्रहरी कार्यालयमा खबर गरीदिनुहुन अनुरोध गर्दछु ।

सवारी धनीः हुलास अटोक्राफ्ट प्रा.लि.
ऋणीको नामः गजेन्द्र लामा तामाङ्ग
ईन्जिन नं.:DKXCMJ32101
च्यासिस नं.:MD2A13EX4MCJ98282
सम्पर्क नं.:9841059135

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०१/२८

यस कम्पनीको मिति २०८०/०१/१४ मा सम्पन्न बार्षिक/बिशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **गुरमेट बेकरी एण्ड क्याफे प्रा.लि. (प्रा.लि. नं. २८१३८४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०१/२५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **भियना पब प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६६/०७/१३ मा दर्ता भएको **प्रा.लि. नं. ६७१२६** को **बैकुण्ठनाथ बिजनेश कम्पनी प्रा. लि.** को मिति २०८०/०१/१६ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटरः जिवन कुमार थापा, इजाजतपत्र नं. ४२२**
**ठेगाना : डिल्लिबजार, काठमाडौं, फोन नं. ९८४१६९६९६६**


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL ARJWAN LADIES BEAUTY SALON CO.

पूर्व स्वीकृति मितिः २०८०/०१/२७ LT No. 285497 चलानी नं. ६०२००७२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER | 0 | 2 | 150 | ६४२८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicure & Pedicure | 0 | 2 | 150 | ६४२८८ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ ०४ गते (18th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

SUPREME OVERSEAS PVT. LTD.
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAUDI INSTALLATION TERSTIN AND MAINTENACNE CO. FOR CONTRACTING

पूर्व स्वीकृति मितिः २०८०/०१/२७ LT. No. 285766 चलानी न.६०२०१२०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ELECTRICAL EQUIPMENT MAINTENANCE WORKER | 2 | 0 | 1200 | ४२,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ ०४ गते (18th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Sulav Recruitment Pvt.Ltd.
Govt. License No. 1336/074/075
Maharajgunj, sankhapark, Kathmandu Nepal ,
Telephone : +977 1 5903011/5903012
Email : sulavrecruitment@gmail.com, Website: www.sulavhr.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी :INOAC Malaysia Sdn Bhd

पूर्व स्वीकृति मिति : २०८०/०१/२७ LT. No. 285801 चलानी नं. ६०२०१२३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL WORKER | 10 | 0 | 1500 | ४४,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी :NSK BEST SDN BHD

पूर्व स्वीकृति मिति : २०८०/०१/२७ LT. No. 285800 चलानी नं. ६०२०१२३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crew Restaurant | 06 | 0 | 1500 | ४४,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ ०४ गते (18th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Mass Human Resource Pvt. Ltd. Govt. License 938/067/068
Samakhusi, Ktm, Nepal, TEL: + 977-1-4983080, 4983088, 4955765


## Bheri Municipality
### Office Of Municipal Executives
Khalanga, Jajarkot
Karnali Province, Nepal

**Date of publication: 27th Baishak 2080**
**Date of correction: 28th Baishak 2080**
**Invitation for Bids No: NCB/SP/BM/02/2079/2080**

1. The Bheri Municipality invites electronic bids from eligible bidders for the procurement of

| S. N. | Contract No. | Description of Goods | Estimated amount (With VAT) | Bid Security amount | Non-Refundable fee for Bid Document (Nrs.) |
|---|---|---|---|---|---|
| 1. | NCB/SP/BM/ 02/2079/2080 | Supply And Delivery of Sanitary Pad | 29,54,200/- | 80,000/- | Rs. 3,000/- |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents may visit PPMO egp system www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

# 'समृद्धि, सुशासन र भ्रष्टाचार नियन्त्रण प्राथमिकतामा'



■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले लोकतान्त्रिक गणतन्त्रलाई बलियो बनाउन समृद्धि, समृद्धिका लागि सुशासन र सुशासनका लागि भ्रष्टाचारको निर्मम नियन्त्रण वर्तमान सरकारको मूल प्राथमिकता भएको बताएका छन् ।

राज्यविरुद्धको अपराध भन्न मिल्ने नक्कली शरणार्थी भ्रष्टाचार प्रकरणमा संलग्नहरूको पहिचान र गिरफ्तारीमा गृहमन्त्री श्रेष्ठले सफलता हासिल गरेको भन्दै आभार व्यक्त गर्न मन्त्रालय आएका कांग्रेस नेताहरूसँगको संक्षिप्त कुराकानीमा उनले सो कुरा बताएका हुन् । गृहमन्त्रीसँगको भेटमा कांग्रेस नेताहरूले भ्रष्टाचारविरुद्धको यस कदमको उच्च प्रशंसा गरेका छन् । सम्पूर्ण जरोकिलो खोतलेर यसलाई तार्किक निष्कर्षमा पुर्‍याउनसमेत नेताहरूले अनुरोध गरेका छन् ।

कांग्रेस नेताहरू गुरुराज घिमिरे, मधु आचार्य, रञ्जित कर्ण, भुपेन्द्रजंग शाही, नरेश यादव, डा. गोविन्द पोखरेलसहितका २० जनाभन्दा बढी कांग्रेस नेताहरू उपप्रधानमन्त्री श्रेष्ठलाई आभार व्यक्त गर्न मन्त्रालय पुगेका थिए । 'यो ऐतिहासिक कदमले लोकतन्त्र स्थापनापछिको गतिहीनतालाई क्रमभंग गर्दै, जनतामा आशा सिर्जना गरेको ठम्याइसमेत उहाँहरूको छ,' गृहमन्त्री श्रेष्ठको सचिवालयले भनेको छ ।

# शरणार्थी प्रकरणको निष्पक्ष छानबिन गर्न जसपाको माग

**काठमाडौं (प्रस)–** जनता समाजवादी पार्टी (जसपा)ले नक्कली भुटानी शरणार्थी प्रकरणमा स्वतन्त्र तथा निष्पक्ष रूपमा छानबिन गर्न माग गर्ने निर्णय गरेको छ । जसपाको बुधबार बसेको केन्द्रीय कार्यकारिणी समितिको बैठकले यस्तो निर्णय गरेको हो ।

'नक्कली भुटानी शरणार्थी प्रकरणमा स्वतन्त्र तथा निष्पक्षरूपमा छानबिन गर्न तथा दोषी देखिएकालाई कानुनी दायरामा ल्याउन सरकारसँग आग्रह गर्ने निर्णय भएको छ,' बैठकपछि जसपाद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

बैठकले संसद्बाट दुईपटक पारित भइसकेको नागरिकतासम्बन्धी विधेयक अविलम्ब पारित गरी कार्यान्वयन गर्न सरकारलाई आग्रह गर्ने, प्रदेश १ को नामकरणविरुद्ध जारी आन्दोलनमाथि भइरहेको दमन बन्द गरी पुनः नामांकनका लागि आन्दोलनकारी पक्षसँग वार्तामार्फत समस्या समाधान गर्न सरकारलाई आग्रह गर्ने निर्णयसमेत गरेको छ ।

यसैगरी पार्टीको विधान अधिवेशन आगामी असारको ९ देखि ११ गतेसम्म काठमाडौंमा गर्ने, बारा जिल्लाका रामकिशोर यादवलाई राजनीतिक समितिमा मनोनयन गर्ने निर्णय भएको जानकारी दिइएको छ ।

# ४६ वर्षपछि जग्गाधनी पुर्जा !

**काभ्रेपलाञ्चोक–** धुलिखेल नगरपालिका-५ श्रीखण्डपुरका २३० परिवार ४६ वर्षपछि 'जग्गाधनी' बनेका छन् । स्थानीय नागरिकले जग्गा नापी भएको ४६ वर्षपछि जग्गाको पुर्जा प्राप्त गरेका हुन् ।

तत्कालीन अवस्थामा स्थानीयले 'किसान आन्दोलन' तथा 'भर्पाइ आन्दोलन' गरेका कारण राजनीतिकलगायत अन्य कारणबाट ती नागरिकले वि.सं. २०३४ मा दर्ता भएको जग्गाको पुर्जा प्राप्त गर्न सकेका थिएनन् । त्यसयता वि.सं. २०५४ का जनप्रतिनिधिले उनीहरूलाई पुर्जा उपलब्ध गराउने प्रयास गरे पनि सम्भव नभएको नगरप्रमुख आशोककुमार ब्याञ्जु श्रेष्ठले बताए । उनले भने, 'त्यसपछि बनेपा, पनौती र धुलिखेल नगरको सिमांकन विवाद जनाउँदै पुर्जा वितरण हुन दिइएन ।' उनका अनुसार पुर्जा नहुँदा स्थानीय सरकारको विशेष निर्णय र पहलमा नागरिकले भूकम्पपछिको पुनर्निर्माण गर्न सम्भव भएको थियो ।

वि.सं. २०६७ मा डिजिटल नापी कार्यालयमार्फत पुनःनापी गरिए पनि सीमांकन विवाद, भूकम्प, कोरोनालगायतका कारण देखाउँदै प्रक्रिया अघि नबढाइएको बताइन्छ । उनले पुर्जा तयार भएका जग्गाधनीलाई सोमबारदेखि पुर्जा वितरण गरेका छन् । 'प्रक्रिया पुर्‍याइ पुर्जा तयार भएर आएकालाई क्रमैसँग वितरण गर्दै गरिनेछ,' उनले भने ।

डिजिटल नापी कार्यालय बनेपाले भने पुर्जा पाउन छुट भएका नागरिकलाई ६० दिनभित्र कागजातसहित प्रक्रियामा आउन भनेको छ । कार्यालय प्रमुख सरस्वती धितालका अनुसार डिजिटल नापी सुरु भएको १३ वर्षपछि पुर्जा वितरण गर्न सम्भव भएको हो । 'छुट भएका नागरिकलाई ६० दिनभित्र प्रक्रियामा आउन अनुरोध गरेका छौं,' उनले भने । उनका अनुसार १२० दिनपछि सबै श्रेस्ता मालपोत कार्यालयलाई हस्तान्तरण गर्नुपर्ने कानुनी प्रक्रिया रहेकाले नागरिकलाई समयमै उजुरी गर्न अनुरोध गरिएको हो । कार्यालयले पुर्जा भएका नागरिकलाई पनि नयाँ प्रणालीअनसार डिजिटल पुर्जा वितरण गर्दै आएको छ ।

श्रीखण्डपुरमा वि.सं. २०३४ सालमा नापी भएको २०७ नं कित्ताको एक प्लटमा २८ रोपनी ५ आना जग्गामा २०६६ सालसम्ममा ८५ घर परिवारको बसोबास रहँदै आएको थियो । उक्त स्थानमा एक आना मात्रै जमिन भएका नागरिकको पनि बसोबास रहेको छ । स्थानीय नागरिक पुर्जा प्राप्त भएपछि खुसी भएका छन् । स्थानीयले पुर्जा नहुँदा 'अचल जमिन' बैकमा राखेर गर्जो धान्नसमेत सकेका थिएनन् ।

भूकम्पका समयमा पनि पुनर्निर्माणका लागि सम्झौताका लागि पुर्जा अनिवार्य गरिँदा लामो समय अनुदानबाट सोही क्षेत्रका नागरिक बञ्चित रहेको वडाध्यक्ष प्रमोदसुन्दर श्रेष्ठले बताए । *रासस*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAFARI JOINT STOCK COMPANY

पूर्व स्वीकृति मिति : २०७९/१२/२३ पून स्वीकृति मिति : २०८०/०१/२७ LT. No. 284213 चलानी नं. ६०१९५८७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office And Facilities Cleaning Worker | 11 | 0 | 1000 | ३५११९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ०४ गते (18th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.** श्रम इजाजत नं. ४६५/०६०/०६१

Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4461297, 4468625, Fax: +977-01-4462046

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FIFTH EXCELLENCE COMPANY LIMITED

पूर्व स्वीकृति मिति २०८०/०१/२७ LT. No. 285733 चलानी नं. ६०२०१२४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Paved | 5 | 0 | 1600 | ५६११४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ०४ गते (18th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GULF MANAGEMENT INTERNATIONAL PVT.LTD** श्रम इजाजत नं. ७८८/०६५/०६६

P.O.Box :- 10440, Tokha-9, Gongabu, Kathmandu, Nepal,
Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851231432, 9849205504
E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BROWN BIRD ESTABLISHMENT TO SERVE DRINKS

पूर्व स्वीकृति मिति २०८०/०१/२७ LT. No. : 285756 चलानी नं. ६०२०१२०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | TEA AND COFFEE MAKER | 4 | 0 | 1200 | ४२०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ०४ गते (18th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Euro Tech Consultancy Pvt. Ltd.** श्रम ईजाजत नं.५६७/०६२/०६३

Samakhusi, Ktm, Nepal, Tel: +977-1-4357822, Fax: +977-1-4355158,
Mob No. 9851021264, 9851084492

## साउदी/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : RESTORAN LOON SING (JB) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०९/१४ पून स्वीकृति मिति २०८०/०१/२७ LT. No. 278485 चलानी नं. ६०१९४१०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Resturant Crew | 89 | 0 | 1500 | ४४२९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : UNIQUE FROZEN FOOD (M) SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०४/२४ पून स्वीकृति मिति २०८०/०१/२७ LT. No. 269103 चलानी नं. ६०१८५१२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacture of frozen seafood | 50 | 0 | 1500 | ४४२९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : PROJECTS CORNER CORPORATION FOR AIR CONDITIONING AND REFRIGERATION

पूर्व स्वीकृति मिति २०७९/०२/१२ पून स्वीकृति मिति २०८०/०१/२७ LT. No. 263637 चलानी नं. ६०१७९८१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 5 | 0 | 1200 | ४२०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |

कम्पनी : FLOURISH TIMBER (MALAYSIA) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०६/२८ पून स्वीकृति मिति २०८०/०१/२७ LT. No. 273629 चलानी नं. ६०२०१२५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FACTORY WORKERS | 50 | 0 | 1500 | ४४२९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |

कम्पनी : HOLLYWARE INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०६/०३ पून स्वीकृति मिति २०८०/०१/२७ LT. No. 272055 चलानी नं. ६०१८८०३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 26 | 0 | 1500 | ४४२९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ०४ गते (18th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.** Govt. License 1342/074/75

Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np


सुदूरपश्चिम प्रदेश सरकार

**आन्तरिक मामिला तथा कानून मन्त्रालय**

धनगढी, कैलाली

## ठेक्का रद्द गर्ने सम्बन्धी सूचना

मितिः– २०८०/०१/२८

प्रस्तुत विषयमा यस मन्त्रालयले मिति २०८०/०१/०१ गते अटोमेटिक भेकल स्क्यानिङ्ग सिस्टम जडान सम्बन्धी ठेक्का नं. 01-NCB/AVSS/079/080 को बोलपत्र आव्हावन सम्बन्धी प्रकाशित सूचनाको सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(ग) बमोजिम खरिद कारवाही रद्द गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TASIK UTARA SERVICES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०९/२६ पून स्वीकृति मिति २०८०/०१/२७ LT. No. 278823 चलानी नं.६०१९४८२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning/Washing Worker | 20 | 0 | 1500 | ४४,२९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : PELTECH FILTRATION SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/२७ पून स्वीकृति मिति २०८०/०१/२७ LT No :273233 चलानी नं. ६०१८९३११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 20 | 0 | 1500 | ४४,२९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ALBARAKAH CLEANING SERVICES STN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/०५ पून स्वीकृति मिति २०८०/०१/२७ LT. No. 282845 चलानी नं.६०१९४८२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANING WORKER | 100 | 0 | 1500 | ४४,२९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : LOCAL BASIC SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०२/०६ पून स्वीकृति मिति २०८०/०१/२७ LT. No. 263273 चलानी नं.६०१७९४६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 300 | 0 | 1500 | ४४,२९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ०४ गते (18th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.** Govt. License No. 1352/074/075

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : OASIS HOUSE RESTAURANT TO SERVE MEALS

पूर्व स्वीकृति मिति २०८०/०१/२७ LT. No. 285723 चलानी नं. ६०२०१२१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 5 | 0 | 1200 | ४२०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : FAVORITE FAST FOOD SANDWICH RESTAURANTS

पूर्व स्वीकृति मिति २०८०/०१/२७ LT. No. 285727 चलानी नं. ६०२०१२१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 2 | 0 | 1000 | ३५०७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ०४ गते (18th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम इजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## जोर्डनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CEYLON INTERMEDIARY WORKS FOR RECRUITING NON JORDANIAN DOMESTIC WORKERS

पूर्व स्वीकृति मिति २०७९/०९/२८ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०१/२७ LT. No. 279430 चलानी नं. ६०१९५९४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब USD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker/housemaid | 1 | 25 | 300 | ३९,७८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 10 | 0 | 500 | ६६,३१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ०४ गते (18th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**BHAIRAB INTERNATIONAL SERVICE PVT. LTD.** श्रम ईजाजत नं. ३०७/०५९/६०

Sinamangal-9, Kathmandu, Nepal. Tel: + 977-1-4110906/ 14110913, Email: service.bhairabintl@gmail.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## संगठित अपराधमा संलग्न कोही नछुटून्

नक्कली भुटानी शरणार्थी प्रकरणमा दुईजना पूर्वगृहमन्त्री, बहालवाला सचिवलगायत उच्च अधिकारीहरू मुछिएका छन् । यही प्रकरणको आरोप लागेका पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी अझै फरार छन् । पूर्वगृहसचिव टेकनारायण पाण्डेलाई हिरासतमा राखिएको छ । त्यस्तै बुधबार पक्राउ परेका पूर्वगृहमन्त्री बालकृष्ण खाणलाई तीन दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीलाई अदालतले अनुमति दिएको छ । नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउन खोजिएको यो प्रकरणलाई धेरैले ठगी र भ्रष्टाचार भनिरहेका छन् । तर, यसलाई भ्रष्टाचार वा ठगीका रूपमा हेरिनु हुँदैन । भ्रष्टाचार मात्र होइन । यो त संगठितरूपमा गरिएको गम्भीर अपराध हो ।

यस्ता अपराध पद र शक्तिमा रहेका उच्च अधिकारीहरूको मिलेमतोमा मात्र सम्भव हुन्छ । भुटानी शरणार्थी प्रकरणलाई भ्रष्टाचार वा ठगीको रूप दिएर अपराधमा संलग्नहरूलाई जोगाउने बाटो तय गर्न खोजेको देखिन्छ । आफ्नो देशका नागरिकलाई नक्कली विदेशी नागरिक त्यसमा पनि शरणार्थी बनाउनु कुनै किसिमले पनि ठगी वा भ्रष्टाचार हुँदै होइन ।

यो त शक्तिको आडमा सामूहिक रूपले गैरकानुनीरूपमा गरिएको संगठित अपराध हो । संयुक्त राष्ट्रसंघीय महासन्धीले समेत तीन वा तीनभन्दा बढी व्यक्तिहरूको संरचनागत समूहबाट आर्थिक वा अन्य कुनै लाभका लागि गरिने गम्भीर प्रकृतिको अपराधलाई संगठित अपराध भनि परिभाषित गरेको अवस्थामा नक्कली भुटान शरणार्थी प्रकरण कसरी ठगी हुन सक्छ ?

नेपालको संगठित अपराध निवारण ऐन, २०७० ले समेत तीन जना वा सो भन्दा बढी मिलेर गरेको कसूरलाई संगठित अपराध मानेको छ । नक्कली भुटानी शरणार्थी प्रकरण पनि नेपालमा मौलाउँदै गएको संगठित अपराधको जालोको एउटा उदाहरण मात्र हो । यस्तो धेरै अपराधहरू मौलाउँदै गएको छ । जसले नेपालको शासन प्रणालीलाई नै चुनौती दिइरहेको देखिन्छ ।

उपप्रधान तथा गृहमन्त्रीको पद सम्हालिसकेको व्यक्ति, सचिवजस्तो उच्च पदमा रहेको व्यक्ति र तीनका नातेदारहरूलाई संलग्न गराएर सक्कली नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाएर तेस्रो मुलुक पठाउने कार्य भएको छ । यसलाई सहज वा नरमरूपमा लिइनु हुँदैन ।

यस्ता संगठित अपराध रोक्नका लागि नै सरकारले संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ मा संगठित अपराध गर्न नहुने भनिएको भए पनि अहिले जुन कर्म गरिएको देखिएको छ । त्यसलाई संगठित अपराधमै पर्ने गरी संलग्न व्यक्तिहरूलाई कानुनी कठघरामा उभ्याउन जरुरी छ ।

# नेपाली श्रमबजारको अवस्था



महेन्द्रप्रसाद यादव

नेपाल धेरै संक्रमणको बीचमा छ, यी संक्रमणहरूमध्ये केही फरक प्रकृति र दायराका रूपमा विश्वव्यापी छन्, केही अन्य नेपालका लागि विशिष्ट छन् । यसले कामको संसारमा महत्त्वपूर्ण परिणाम ल्याउने छ । कोभिड-१९ को विनासकारी मानव र आर्थिक परिणामबाट जारी पुनः प्राप्तिका लागि अगाडि बढिरहेका निरन्तरका प्रयासहरू, प्रविधिमा भइरहेका परिवर्तन, जनसांख्यकीय गतिशीलताबाट कामको भविष्यमा पर्ने असरबाट प्रतिष्ठानहरू र कामदारहरूलाई प्राप्त हुने अवसर र जोखिम र जलवायु परिवर्तनका परिणाम न्यून गर्न आवश्यक पर्ने अनुकूलन कार्यका साथै नेपालले २०७२ मा नेपालको संविधान अनुमोदन गरेअनुरूप यसको शासन

> नेपालको त्रिपक्षीय र द्विपक्षीय सामाजिक संवाद संयन्त्रलाई बलियो बनाउन आवश्यक छ । विशेषगरी प्रान्तीय, स्थानीय र उद्यमस्तरमा प्रायः अभाव वा अपरिपक्व अवस्थामा रहेका छन् । थपरूपमा जारी सुधार प्रक्रियामा सामाजिक साझेदारको आवाजलाई कायम राख्न र सुदृढ गर्न सबै तहका रोजगारदाता, श्रमिक संगठनलाई उदीयमान श्रम र रोजगारीमा क्षमता निर्माण आवश्यक छ ।

संरचनाको निरन्तर रूपान्तरण, जसमा अन्य परिवर्तनहरूबाहेक, रोजगारी र श्रम मामिलाहरू प्रादेशिक र स्थानीय तहहरूमा हस्तान्तरण गर्नुपर्ने बाध्यता रहेको छ ।

सन् २०२६ सम्ममा नेपाल अल्पविकसित राष्ट्र स्थितिबाट स्तरोन्नति भएपछि अहिले प्राप्त गरिरहेका सहुलियत विकास वित्त र केही व्यापार प्राथमिकताहरूमा पहुँच गुमाउने सम्भावना र कृषिमा निर्भरताबाट थप विविधीकरणका साथै औद्योगिक र सेवा क्षेत्रका गतिविधिहरूबाट मुख्यरूपमा अनौपचारिकबाट औपचारिक क्षेत्रका प्रतिष्ठानहरू निर्माण एवं औपचारिकबाट अनौपचारीकरण हुने निरन्तरको परिर्वतनको परिणामस्वरूप राष्ट्रिय अर्थतन्त्रमा परिवर्तनहरू आए ।

नेपालले सबैका लागि मर्यादित कार्यहरू प्राप्त गर्ने प्रतिबद्धता स्पष्टरूपमा व्यक्त गरेको छ । नेपालको संविधान, २०७२ ले रोजगारी र सामाजिक सुरक्षाका साथै ट्रेड युनियन खोल्ने र सामूहिक सौदाबाजीमा संलग्न हुने मौलिक हकलाई समेटेको छ । संविधान र राष्ट्रिय कानुनहरूले पनि बालश्रम र जबरजस्ती श्रम निषेधसहित श्रम शोषणविरुद्ध महत्त्वपूर्ण संरक्षणहरू समावेश गरेको छ । नेपाल सरकारले श्रमिक र रोजगारदाता संगठनहरूसँग मिलेर हालैका वर्षहरूमा श्रम ऐन, २०७४ योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ पारित भए पनि श्रम नीतिहरूले न्यून पारिश्रमिक, अनौपचारिक क्षेत्रका कामहरूमा महिला, युवा र सामाजिकरूपमा बहिष्कृत समूहहरूको एकीकृतरूपमा पहिचान र सम्बोधन गर्न सकेका छैनन् । राष्ट्रिय रोजगार नीति, २०७२ र औद्योगिक नीति लगभग असफल रहेको छ ।

श्रम ऐन, २०७४ ले सबैका लागि समान अवसरहरू, ज्यालाको अन्तर घटाउने र कार्यस्थलमा हुने भेदभाव हटाउन प्रतिबद्ध छ तर यी नीतिगत प्रावधानहरू अपर्याप्तरूपमा सञ्चालन भएका छन् । नियुक्ति र तलब भेदभाव, जातीय र लैंगिक स्टिरियोटाइपहरू, सामाजिक मान्यताहरू, अवैतनिक हेरचाह कार्यको असमान हिस्सा र रोजगारी विभाजन असमानता कमाउने प्रमुख चालकहरू हुन् । जबकि सीमान्तकृत समूहहरूले सामना गर्ने आर्थिक भेद्भावको हदको तथ्यांकहरू सीमित छन्, निम्न उदाहरणहरूले असमानताका केही क्षेत्रहरूलाई उजागर गर्दछ ।

### दिगो उद्यम र जीविकोपार्जनका लागि वातावरण सक्षम पार्ने

अर्थतन्त्रको संरचनात्मक रूपान्तरण र रोजगारी सिर्जनाको गति बढाउन निजी क्षेत्रको योगदानमा नेपाल निर्भर देखिन्छ । तर, नेपालमा व्यवसाय सुरु गर्न र बढाउनका लागि सक्षम वातावरण अझै चुनौतीपूर्ण छ । कृषि, अझै पनि नेपालको सबैभन्दा ठूलो रोजगारदाता र नेपालको कूल गार्हस्थ उत्पादनमा महत्त्वपूर्ण योगदानकर्ता हो तर खराब कामको अवस्था र श्रम शोषण कायमै रहेको छ । यसबाहेक उच्चस्तरको संवेदनशीलता र अनुकूलन क्षमताको न्यूनस्तरको कारणले गर्दा कृषि र आफ्नो जीविकोपार्जनका लागि त्यसमा निर्भर जनसंख्या जलवायु परिवर्तनको उच्च जोखिममा छन् ।

वि.सं. २०७५ को अन्तिम राष्ट्रिय आर्थिक जनगणनाअनुसार देशमा नौ लाखभन्दा बढी व्यवसायहरू छन् । यसमा आधाभन्दा बढी अनौपचारिक मानिन्छ । आइएलओको भर्खरैको नेपाल ज्याला प्रतिवेदनले नेपाली उद्यमहरूको उत्पादकत्वलाई अन्य दक्षिण एसियाली देशहरूको स्तरमा उकास्न थप प्रयासहरू आवश्यक रहेको देखाउँदै कामदारहरूको वास्तविक ज्याला वृद्धि र जीवनस्तरमा सुधार ल्याउन सफलता निर्णायक हुने उल्लेख गरेको छ ।

काममा पर्याप्त प्रभावकारी संरक्षण र अधिकार श्रमसंहिता सुधार, काममा आधार भूत सिद्धान्त र अधिकारको प्रवर्द्धन श्रम र सामाजिक क्षेत्र सुधारका पक्षमा धेरै वर्षको त्रिपक्षीय संलग्नताले नेपाली श्रमजीवी जनतालाई स्वदेशमा काम गर्न अस्वीकार्य प्रकारको कामबाट जोगाउन र विदेशमा रहेका नेपाली श्रमिकको श्रम अधिकार सुनिश्चित गर्न कानुन र नीतिहरू प्राप्त गरेको छ ।

नेपालमा श्रम संहिता परिमार्जन गर्नका लागि नेपाल ट्रेड युनियन कांग्रेसले दुई दशकदेखि निरन्तररूपमा गरेको प्रयास पछिल्लो समयमा सबै ट्रेड युनियनहरूकोसमेत एजेण्डा बन्न गयो र अन्तत्वगत्वा २०७४ सालमा श्रम ऐन बनाएर सुधारका लागि योगदानमा आधारित सामाजिक सुरक्षा र श्रम ऐन प्राप्त भयो । संशोधित श्रम ऐनले अनौपचारिक क्षेत्रका कामदारहरूलाई न्यूनतम पारिश्रमिक संरक्षणसहित रोजगारीलाई आधारभूत अधिकार र विस्तारित श्रम संहिता कवरेजकारूपमा पुष्टि गरेको छ ।

### कानुनी ढाचा र यसको प्रयोगमा कमी

नेपालको राष्ट्रिय श्रम कानुन र नीतिहरूमा रहेका केही विसंगतिहरू सुधारका साथै अन्तर्राष्ट्रिय श्रम महासन्धिको अनुमोदनमा देशका प्रतिबद्धताहरू सीमित मात्रामा रहेका छन् । यसबाहेक विद्यमान कानुन र नीतिहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न र नयाँ तथा उदीयमान विश्वका कामका समस्याहरूलाई सम्बोधन गर्न श्रम प्रशासन र सामाजिक साझेदारहरूद्वारा तीव्र प्रयास आवश्यक छ ।

नेपालको श्रम प्रशासन सुप्त अवस्थामा रहेको छ, जुन कानुनी सुधारको प्रभावकारी कार्यान्वयनलाई सीमित गर्ने प्रमुख बाधा हो । विकासोन्मुख अर्थतन्त्रमा प्रत्येक १५ हजार कामदारका लागि एक निरीक्षक पुग्नुपर्ने अनुपातको आइएलओको प्राविधिक सल्लाहअनुसार नेपालले करिब एक हजार १३३ निरीक्षक नियुक्त गर्नुपर्छ । नेपालमा श्रम निरीक्षकको दरबन्दी कूल संख्या २८ रहे पनि हाल २१ वटा श्रम निरीक्षकहरू मात्र रहेका छन् । एघार वटा श्रम कार्यालयले ७७ जिल्ला समेट्छन् र उनीहरूलाई विदेशी श्रम आप्रवासन अनुमति व्यवस्थापन र सामाजिक सुरक्षा प्रशासनलगायत अरु पनि कामहरू सम्पादन गर्नुपर्ने हुन्छ । श्रम प्रशासनको मूल्यांकनले आफ्नो कार्यादेशको दायराको सापेक्षमा यी कार्यालय स्रोतसाधनमा उल्लेख्यरूपमा कमी रहेको छ तसर्थ तिनीहरूको पुनर्गठन र सुदृढीकरण तत्काल गर्नुपर्ने स्थिति रहेको छ ।

राष्ट्रिय कानुन र नीतिमा अन्तर्राष्ट्रिय श्रम मापदण्ड एकीकृत गर्ने प्रगतिको बाबजुद, नेपालले वि.सं. २०६३ पछि समग्रमा अपेक्षाकृत थोरै अन्तर्राष्ट्रिय श्रम महासन्धिलाई अनुमोदन गरेको छ । अन्तर्राष्ट्रिय व्यापार साझेदार र सम्भावित विदेशी लगानीकर्ताबाट राष्ट्रिय कानुन, नीति र नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताबीच थप सुसंगत पंक्तिबद्धताको माग छ । आगामी वर्षमा बढ्ने सम्भावना छ ।

सरकारले आइएलओका तीन प्राथमिकतामा रहेका सुशासन महासन्धि ८१ र १२९ श्रम निरीक्षण र १२२ रोजगार नीतिलाई अनुमोदन गर्न बाँकी छ । घरेलु कामदारको अधिकारसम्बन्धी महासन्धि १८९ र कार्यस्थलमा हिंसा र उत्पीडनसम्बन्धी महासन्धि १९० लाई सम्बोधन गर्ने अधिवेशनलगायत नयाँ प्राविधिक मापदण्डहरूको अनुमोदनका लागि राष्ट्रिय सरोकारवालाको वकालतले अझै परिणाम दिएको छैन । यसबाहेक ऐतिहासिकरूपमा नेपाली कामदार र रोजगारदाताका प्रतिनिधिहरूले यी उपलब्ध संयन्त्रहरूको सीमित चेतनाको कारणले गर्दा राष्ट्रियस्तरमा श्रम मापदण्डको प्रभावकारी कार्यान्वयनलाई अगाडि बढाउन आइएलओको निरीक्षण प्रणालीको सम्बन्धितरूपमा सीमित प्रयोग गरेका छन् ।

### सबै तहमा प्रभावकारी श्रमबजार सुशासन

संघीय प्रणालीले देशका श्रमबजार संस्थाका लागि श्रम र रोजगारी नीति सुधार गर्न र विभिन्न क्षेत्रमा कामदार तथा उद्यमको विभिन्न आवश्यकता एवं अवसरअनुरूप सार्वजनिक कार्यक्रम, सेवा डिजाइन र वितरण गर्ने अवसर खोल्यो । यी सुधारअनुरूप, रोजगारी र श्रमबजारसम्बन्धी कार्यक्रम पछिल्ला वर्षमा संघीय तहबाट प्रदेश र स्थानीय तहमा क्रमशः विस्तार हुँदै गएका छन् । तैपनि परिवर्तनको प्रतिरोध, अपर्याप्त समन्वय, साथै पालिका सरकार र उपराष्ट्रिय श्रम संस्थाको नयाँ कार्यादेश पूर्णरूपमा ग्रहण गर्ने क्षमतालाई सीमित गर्ने बजेट र कानुनी खाडललगायत धेरै कारकहरूले प्रगतिलाई बाधा पुऱ्याएको छ ।

### सामाजिक साझेदार र त्रिपक्षीय सामाजिक संवाद संस्थाको भूमिका

नेपालको त्रिपक्षीय र द्विपक्षीय सामाजिक संवाद संयन्त्रलाई बलियो बनाउन आवश्यक छ । विशेषगरी प्रान्तीय, स्थानीय र उद्यमस्तरमा प्रायः अभाव वा अपरिपक्व अवस्थामा रहेका छन् । थपरूपमा जारी सुधार प्रक्रियामा सामाजिक साझेदारको आवाजलाई कायम राख्न र सुदृढ गर्न सबै तहका रोजगारदाता, श्रमिक संगठनलाई उदीयमान श्रम र रोजगारीमा क्षमता निर्माण आवश्यक छ ।

नेपालको संविधानले श्रमिक र रोजगारदाताको स्वतन्त्र रूपमा संगठन निर्माण गर्न र सामूहिक सौदाबाजीमा संलग्न हुने मौलिक अधिकारलाई मान्यता दिएको छ । श्रम ऐन र ट्रेड युनियन ऐनले औपचारिक र अनौपचारिक दुवै क्षेत्रका कामदार र उद्यमका लागि यी संवैधानिक अधिकारहरूलाई कानुनमा संहिताबद्ध गर्दछ । न्यूनतम पारिश्रमिक निर्धारण, श्रम समन्वय र सामाजिक सुरक्षा विस्तारसम्बन्धी त्रिपक्षीय समितिमा पनि सहभागी रहेको छ ।

केन्द्रीय श्रम सल्लाहकार परिषद् राष्ट्रियस्तरमा श्रम र रोजगारीका विषयमा नेपालको औपचारिक त्रिपक्षीय संवाद संयन्त्र हो । नेपालको श्रम ऐनले प्रादेशिक तहमा त्रिपक्षीय सामाजिक संवाद संयन्त्र स्थापना गर्ने व्यवस्था गरेको भए पनि हालसम्म सातमध्ये दुई प्रदेशले मात्रै यस्ता निकाय स्थापना गरेका छन् । राष्ट्रियस्तरमा पनि श्रम प्रशासनको आइएलओको हालैको मूल्यांकनले परिषद नियमितरूपमा बस्न सकेको छैन र प्रमुख श्रम कानुन सुधार पूरा भएदेखि उच्चस्तरीय नीति एजेन्डामा विरलै परामर्श गरिएको पाइयो ।

नेपाली श्रमिकको जीवनमा खासै सुधार हुन सकेको छैन । मुलुकमा मर्यादित रोजगारी टाढाको विषय भएको छ । सामाजिक सुरक्षाको कार्यविधि आए पनि कार्यान्वयन पक्ष आशंकाको दायरामा छन् । तसर्थ संविधान २०७२ र त्यसपछिका श्रम सुधारका प्रतिबद्धतालाई साकार पार्न नेपालले कानुन र व्यवहारमा मर्यादित काम सिर्जना गर्ने प्रतिबद्धतालाई अघि बढाउनुपर्छ । सबै तहका सरकारमा सामाजिक संवादका संरचना विस्तार गर्ने र श्रम प्रशासनलाई सुदृढ एवं व्यवस्थित सँगसँगै श्रमिकको पहुँचमा पुऱ्याउनका लागि विस्तार र विकास गरी श्रम निरीक्षण प्रणालीलाई बलियो र भरपर्दो बनाउनु आवश्यक रहेको छ । रोजगारी प्रवर्द्धनका लागि ट्रेड युनियनको सहभागितामा रोजगार नीति र औद्योगिक नीति परिमार्जन गर्नुका साथै, सबैलाई योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा ल्याउनुपर्दछ । *रासस*

***(लेखक नेपाल ट्रेड युनियन कांग्रेसका वरिष्ठ उपाध्यक्ष हुन्)***

## मनन्योग्य

### चाणक्य नीति

जरासन्धपछिको पीढिले युगौयुगसम्म राज्यको शासन चलाए। जरासन्धीय इतिहासको अन्तिम शासक नियुन्जय थिए जसको हत्या उनकै मन्त्री सुनिकले गरे र सुनिकका छोरा प्रद्योत मगधको सिहासनमा बसे। प्रद्योत वंशका पाँच शासकहरूले एक सय अठतीस १३८) वर्ष (६४२ ई.पू. सम्म शासन गरे। शिशुनाम मगधको राजसिहासनमा बसेपछि मगधको राजनीतिक उत्थान र परिवर्तनको सुरुवात भयो। ई.पू. ५२८ अगाडि बिम्बिसारले मगधको सत्ताको सूप आफ्नो हातमा लिए। अंगप्रदेशको विजयसँगै राज्यविस्तारको क्रम बिम्बिसारले सुरु गरे । यसलाई सफलतापूर्वक अजातशत्रुले पूरा गरे। एकातिर मगध राज्यले राजनीतिक सफलता प्राप्त गरिरहेको थियो, अकातफ भारतवर्षका जनतामा एउटा नयाँ आध्यात्मिक चेतना पलाइरहेको थियो । धार्मिक जड°ता र रुढिवादिताबाट ग्रसित त्यतिबेलाको समाजमा नवजीवनको भाव मौलाइरहेको थियो । यो नवजागरणको सन्देश भगवान् महावीर र तथागत बुद्धले फैलाएका थिए ।

राजसंघर्षका कारण रगत लतपतिदै गइरहेको पृथ्वीमा अहिंसा, प्रेम र सदभावनाको मुना फुटेर महावीर र बुद्धको कर्मभूमि यो मगध राज्य बन्न पुग्यो । सत्य फैलिरहेको थिया-महावीर र बुद्ध पनि अगाडि बढिरहेका थिए। भारतवर्षमा वीटा वैभवशाली सहर बन्नगयो 'मगध' अजातशत्रुने विज्यहरूसंगको युद्धकार्यका लागि पाटलीग्राम (पटना) मा आफ्ना मन्त्री तथा सुनितद्वारा किल्ला निर्माण गराए। त्यसै दिन बिहान भगवान् बुद्धले वर्षाकार वा सुनितलाई देखेर आफ्ना शिष्य आनन्दसँग सोधे 'आनन्द उनीहरू को हुन् ?' आनन्दले उत्तर दिए- 'उनीहरू महाराज अजातशत्रुका मन्त्री वर्षाकार वा सुनित हुन् जो विज्यहरूसँग युद्ध गर्नका लागि किल्ला बनाउदैछन् । • भगवान् बुद्धले भन्नुभयो 'झट्टै यहाँ एउटा अत्यन्तै ठूलो सहर बस्नेछ । तर, त्यसमा आगो, पानी र ग्रहहरूका कलहले गर्दा सदैव भय रहनेछ। भगवान बुद्धद्वारा भनिएको भयको बातावरणरूपी भविष्यवाणी सत्य सावित भयो । क्रमशः

## पत्र-मञ्जुषा

### विद्युतीय ट्याक्सीको आवश्यकता

सरकारले विद्युतीय सवारीसाधनको प्रयोग बढाउन जोड दिइरहेको छ । चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा पनि विद्युतीय सवारीसाधनलाई प्राथमिकतामा राखेको छ । तर, विद्युत्बाट चल्ने कालो प्लेटको मिटर जडित ट्याक्सीतिर सरकारको ध्यान गएको छैन । यता, फो स्टक हुटवाला ट्याम्पोको दर्ता खोल्ने भनेर कहीँ पनि उल्लेख गरेको पाइँदैन । सबै प्रदेशमा नयाँ ट्याक्सीको दर्ता विगत ३३ वर्षदेखि बन्द छ । फो स्टक विद्युतीय ट्याम्पोको दर्ता अहिलेसम्म सरकारले खोलेको छैन । दक्षिण एसियाकै प्रायः जसो मुलुकमा फो स्टक ट्याम्पो गुडिरहेका छन् ।

श्रीलंका, अफगानिस्तान, पाकिस्तान, भारतलगायत अन्य धेरै मुलुकले सहजता र सर्वसुलभता हेरेर यसलाई नै प्राथमिकतामा राखेको पाइन्छ । सरकारले उपत्यकामा यस्ता ट्याम्पो खोल्ने कुनै योजना अघि सारेको छैन । जसले गर्दा ट्याक्सीको ठगीधन्दा मौलाउँदो छ । यता, ट्याक्सी नछिर्ने बाटोमा पैदल यात्रा गर्नुपर्ने बाध्यता छ । भाडा पनि अत्यन्तै महँगो भएकाले जनता सीधै मर्कामा परेका छन् । जनतालाई सरकारले औलामा राखेर फनफनी घुमाएको छ । न विद्युतीय ट्याक्सीको दर्ता खोल्छ न बसको । अनि कसरी विद्युतीय सवारी प्राथमिकतामा पर्‍यो ? अहिलेको अवस्थामा विद्युतीय सवारी अति नै आवश्यक भइसकेको छ ।

तर, राज्यको चौथो अंगकै यतातर्फ ध्यान गएको छैन । कि सञ्चारमाध्यमलाई पनि जनताको कुरा उठाउन लाज लाग्छ ? सरकारले निजी प्लेटको विद्युतीय सवारी साधनमात्र भित्र्याउने हो कि भाडाको पनि । यसको जवाफ त जनताले स्पष्ट पाउनुपर्‍यो । प्रस्टरूपमा खुलाएर जवाफ पनि नदिने अनि जनतालाई सधैं दुःखको भारी बोकाइरहने । कस्तो सरकार हो यो ? आफ्नो प्रदेशमा ट्याक्सीको अभाव भएको सरकार र सञ्चारकर्मी दुवैले नदेखेकै हुन् ? साधन नहुँदा सुत्केरीहरूले बाटोमै आफ्नो ज्यान गुमाउनुपर्ने बाध्यता छ । उता, बुढाबुढी, बालबच्चा र बिरामीलाई पनि उत्तिकै सास्ती । आमनागरिकले देख्ने जनताको समस्या राज्यले किन देख्दैन ?

जनताको समस्या समाधान गर्नु सरकारको दायित्व हो । सम्बन्धित निकायले सरकारलाई घच्घच्याउन पर्छ । ट्याक्सीमा भएको सिण्डिकेट र एकाधिकार तोड्न सरकार असफल हुँदा जनताले महँगो पैसा तिरेर पनि राम्रो सेवासुविधा पाएका छैनन् । पछिल्लो समय बारम्बार पेट्रोलको मूल्य बढिरहेको छ । नेपाल आयल निगम आफैं पनि चुलुम्मै डुबिसकेको छ । एक लिटर पेट्रोलले ट्याक्सी २०/२२ किलोमिटर गुड्छ । ट्याक्सीमा चढ्नेबित्तिकै यात्रुले सेवा शुल्कबापत त्यत्तिकै ५० रूपैयाँ तिर्नुपरेको छ ।

यदि नयाँ ट्याक्सी आयो भने सित्तैमा नम्बर प्लेट पाइन्छ । एकाधिकार र सिण्डिकेट पनि तोडिन्छ । बागमती प्रदेश सरकारले स्क्र्याब गरेको नम्बर प्लेटमा नयाँ ट्याक्सी दर्ता गर्न दिने भनेको छ । यसले नयाँ ट्याक्सी नआउने निश्चित भएको छ । एउटै व्यवसायीले ३८ वर्ष कमाइसकेका छन् । अब २० वर्ष जोड्दा ५८ वर्ष पुग्छ ।

ट्याक्सीले सर्वसाधारणमाथि मच्चाइरहेके ठगीधन्दा नियन्त्रणका लागि विद्युतीय ट्याक्सी भित्र्याउन जरुरी भइसकेको छ । यसतर्फ सरकार र सरोकारवाला सबैको ध्यान जाओस् ।

***सविन खड्का, भक्तपुर***

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# घर जलेपछि पीडितलाई बासको समस्या



■ सुशीला रेग्मी

**रामपुर–** आफ्नै आँखा अगाडि घर जलेर नष्ट हुँदा ७८ वर्षीय दलबहादुर साठीघरेलाई आगोले पोलेको घाउको दुखाइभन्दा घर जलेको देख्दा मन भतभती पोलेको छ । उनलाई शरीरका भागमा आगोले पोलेर पीडा सही नसक्नु छ, तर पनि पीडा लुकाउँदै आफ्नै आँखाले हेर्दाहेर्दै आगो दन्केर घर खरानी हुँदा कताकता सपना होकी विपनाजस्तै अनुभूति हुने गरेको छ ।

आगोले पोलेको पीडा त छँदै छ तर त्योभन्दा बढी घर डढेको पीडाले उन तड्पिरहेका छन् । पाल्पाको रामपुर नगरपालिका-९ स्थित मधुकोटमा आगलागी हुँदा उनको तीनतले जस्तापाताले छाएको घर पुरै जलेर नष्ट भएको छ । घरमा भएका सरसामान, लत्ताकपडा, गरगहना, पैसा केही झिक्न नपाउँदा उनलाई बाँकी जीवन कसरी व्यतीत गर्ने चिन्ताले पिरोलेको छ ।

'कति दुःखले बनाएको घर क्षणभरमै हेर्दा हेर्दै खरानी भयो, आगो निभाउन जाँदा शरीरका विभिन्न भागमा पोलिएर घाउ बनेको छ, तर यो पोलिएको घाउले दुखेको सहेको छु,' उनले भने, 'घर डढेको चोटले मन भतभती पोलिएको छ ।'

मंगलबार अपराह्न बस्तीदेखि तल रहेको मधुकोट जंगलमा लागेको आगो सल्केर दलबहादुरको घर अगाडिको गोठ (दाउरा राख्ने) मा सल्केको हो । गोठमा लागेको आगो निभाउन बाल्टीमा पानी लिएर जाँदा दलबहादुर घाइते भए । गोठ हुँदै घरमा आगो सल्केपछि उनकी बुहारी लक्ष्मी साठीघरे घरभित्र रहेकी दुई वर्षकी छोरी निकाल्न जाँदा उन आफैं आगोले घाइते भएकी छन् ।

लक्ष्मीको अनुहारलगायत विभिन्न भागमा आगोले पोलेको छ । घाइते दलबहादुर र लक्ष्मीको रामपुर अस्पतालको सहयोगमा निःशुल्क उपचार गरिएको छ । आगोले जलेर घरबारविहीन हुँदा कसरी जीवन जिउने भन्ने चिन्ताले सताएको जानुमाया साठीघरेले गुनासो पोखिन् । 'घरदेखि पारि जंगलमा बाख्रा चराउने क्रममा एक्कासि गाउँमा धुवाँसहित आगोको मुस्लो देखेपछि दौडिएर आउँदा घर पूरै जलिरहेको अवस्थामा देखेँ, आफूलाई कतै सपनाबाट ब्युँझिएछु जस्तो लाग्यो, आँखैले देख्दादेख्दै घर सबै डढेर सकियो, शरीरमा लगाएको एकसरो लुगाबाहेक साथमा केही छैन,' उनले दुखेसो पोखिन् ।

परिवारका सदस्य जंगलतिर बाख्रा चराउन गएको हुँदा मानवीय क्षति हुन भने पाएन । घरमा सल्केको आगो स्थानीय र प्रहरीले निभाउने प्रयास गरे पनि निभाउन नसकेपछि दलबहादुरको घरबाट सल्केको आगो छिमेकी ऐतराम साठीघरे, भिमीसरा साठीघरे र लोकबहादुर साठीघरेको घरमा लागेर ध्वस्त भएको छ । मंगलबार अपराह्न करिब ३ बजेको समयमा आगो गाउँमा लाग्न थालेको स्थानीयवासीले बताएका छन् ।

मधुकोटका दलबहादुर साठीघरे, ऐतराम साठीघरे र भिमिसरा साठीघरेको तीनतले जस्तापाताले छाएको घर तथा लोकबहादुर साठीघरेको घर (खरले छाएको दुईतले) पूर्णरूपमा जलेर नष्ट भएको छ । स्थानीयवासीका अनुसार सात बाख्रा र एक बंगुर मरेका छन् । घर जलेर विस्थापित परिवारमध्ये केही परिवारलाई आफन्त कहाँ र केही अहिले गाउँमै रहेको सिद्ध प्राथमिक विद्यालय, स्थानीय आमा समूहको भवनमा सुरक्षित साथ राखिएको वडाध्यक्ष डिलबहादुर रानाले जानकारी दिए । चारैतिर जंगलबीचमा बस्ती भएकाले आगो नियन्त्रणमा ल्याउन कठिनाइ थियो । स्थानीय, प्रहरी र नेपाली सेनाको टोलीको अथक प्रयासले लामो समयपश्चात् मंगलबार राति ९ बजे गाउँमा लागेको आगो नियन्त्रणमा आएको हो । जंगलमा लागेको आगो भने अझै पनि नियन्त्रणमा आउन सकेको छैन ।

दुःखले बनाएको घर बस्नै नमिल्नेगरी डढेर सखापै बनाएपछि परिवारको बिचल्ली भएको ६९ वर्षीय ऐतुराम बताउँछन् । उनको हाल चारजनाको परिवार बसोबास गरिरहेको तीनतले जस्तापाताले छाएको घर पूरै क्षति भएको छ । उनी भन्छन्, 'छिमेकी दलबहादुरको घरसँगै जोडिएकाले आगोबाट बचाउन सकिएन, घरमा भएका अन्नपात, लत्ताकपडा, सरसामान डढेर खरानी भएको छ, बुहारी नातिनातिना लिएर कसरी कहाँ बसेर जीवन बिताउने हो ? हामीलाई स्थानीय सरकारबाट गाँसबासको व्यवस्था मिलाइदिनुपर्‍यो ।'

क्षतिको विस्तृत विवरण संकलन गरेर पीडित परिवारलाई नगरपालिका कार्यालयबाट आवश्यक सहयोग गरिने नगरप्रमुख रमणबहादुर थापाले बताए । 'नगरपालिकाको दुर्गम ठाउँ चारैतिर जंगलको बीचमा बस्ती छ, एक्कासि आगो लागेपछि गाउँमा ठूलो क्षति पुगेको छ, दिउँसोको समय भएकाले मानवीय क्षति हुनबाट जोगियो, घटनाको अवस्था हेर्दा विकराल छ, नगरपालिका कार्यालयबाट पीडित परिवारलाई आवश्यक सहयोग गर्नेछौं,' नगरप्रमुख थापाले भने ।

जंगलमा आगो कसले लगायो भन्नेबारे खुलेको छैन । सोका बारेमा अहिले प्रहरीले अनुसन्धान गरिरहेको छ । मधुकोट गाउँमा अहिले करिब १६ घरपरिवारको बसोबास छ । खडेरीयाम भएकाले पनि आगो लाग्नेबित्तिकै निभाउन पानी पर्याप्त नहुँदा समस्या परेको आगो नियन्त्रणमा जुटेका स्थानीयले बताएका छन् । अग्नि पीडितलाई लायन्स क्लब अफ रामपुरले खाद्यान्न सामग्री बुधबार पीडितलाई वितरण गरेको छ । *रासस*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MUAR RIA PLASTIC INDUSTRIES SDN. BHD. शहर: Johor पुन विज्ञापन

पूर्व स्वीकृति मिति : २०७९/०४/०५ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०१/२७ LT. No. 267745 चलानी नं . ६०१८३७८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 45 | 0 | 1500 | ४४,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SAI RAINBOW GARMENTS SDN. BHD.

पूर्व स्वीकृति मिति : २०७९/१२/03 पुन विज्ञापन स्वीकृति मिति : २०८०/०१/२७ LT. No. 282692 चलानी नं . ६०१९८२८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४४,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ 04 गते (18th May . 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि: शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)**

श्रम इजाजत नं. १२७५/०७४/७५

Sallaghari Marg, Bansbari, Kathmandu

Tel:-+977 4372262, 4375012, Email:-skypower.rec@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BLUERANGE ARABIA

पूर्व स्वीकृति मिति २०७९/०७/२५ पुन विज्ञापन स्वीकृति मिति: २०८०/०१/२७ LT. No.275462 चलानी नं. ६०२०११९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 1 | 0 | 1900 | ६६,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ 04 गते (18th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Paradeshi Overseas Services Pvt. Ltd.**

Govt. License 387/059/060

Chondol, Gitanjali Marga 04, Kathmandu, Nepal

Tel: +977 1 4418252, Fax: +977 1 4480765

Email: paradeshiservices@gmail.com

Website: www.paradeshioverseas.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : FITSON SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०४/२३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२७ LT. No. 268974 चलानी नं. ६०१९४६३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 12 | 10 | 1500 | ४४,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : A-Master Enterprise Sdn Bhd

पूर्व स्वीकृति मिति २०७९/१०/०३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२७ LT. No. 279608 चलानी नं. ६०१९४६४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FACTORY WORKERS | 33 | 10 | 1500 | ४४,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : DANCHEM SDN. BHD.

पूर्व स्वीकृति मिति २०८०/०१/२७ LT. No. 285834 चलानी नं. ६०२०१२१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FACTORY WORKERS | 10 | 0 | 1500 | ४४,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ 04 गते (18th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT HR PVT LTD

Govt.Lic. No- 1168/073/074

**MINAWA RECRUITMENT H.R. PVT LTD**

Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal

T: +977-01-4112754 | Mobile: +977-9851002539, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HAFA SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/१० पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२७ LT. No.283202 चलानी नं. ६०१९८०८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 47 | 0 | 1500 | ४४,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ARGUS SHIELD SECURITY CONSULTANTS SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/१२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२७ LT. No.283319 चलानी नं. ६०१९८०९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 10 | 0 | 1500 | ४४,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ 04 गते (18th May . 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

LF RECRUITMENT श्रम ईजाजत नं. ६६६/०६३/०६४

**Leading Foreign Recruitment Pvt. Ltd.**

Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4111294, 9801077916, 9809393765

E-mail: cvlink03@gmail.com, hospitallity.lfr@gmail.com, Web: www.lefrn.com


## Invitation for Bids

# Chaurjahari Municipality
# Office of Municipal Executive

### Chaurjahari Rukum (West)

## Invitation for Electronic Bids

**Date of publication: 2080/01/28**

1. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Chaurjahari Municipality Ruku (West)[or may visit PPMO website www.bolpatra.gov.np.]
2. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document fee Account No. : 4330100301010002 & Bid Security 4330100303000002 in the following bank.
   Name of the Bank: Rastriya Banijya Bank
   Name of the Office: Chaurjahari Municipality Office Code No. : 801065
   Revenue Head No. : 14265
3. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of Chaurjahari Municipality on or before 2080/02/12, 12:00 PM.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2080/02/12, 1:00 at the office of Chaurjahari Municipality Rukum (West). Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security which shall be valid for 30 days beyond the validity period of the bid .
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. Chaurjahari Municipality Office invites sealed bids for eligible bidders for the procurement of following under National competition Bidding (SQ.) Procedure.

| S.N | Contract ID | Description of Items | Estimated Amount With Vat | Bid Security | Bid Document Form Fee (Non-Refundable) |
|---|---|---|---|---|---|
| 1. | CJM/GOODS/SBQ/07/079/080 | PROCUREMENT OF Suupply and Delivery Raw Materials for Notwbook Production Chaurjahari Municipality -11 Rukum (West) | NRS. 19,99,252.50 | NRS. 50000.00 | NRS. 1,000.00 |

**Chief Administrative Officer**
**Chaurjahari Municipality**

# प्रभाव दैनिक


## विक्की र श्रद्धा वैवाहिक बन्धनमा



कमेडियन विक्की अग्रवाल र कलाकार श्रद्धा प्रसाईंले विवाह गरेका छन् । उनीहरूको विवाह समारोह अहिले त्रिभुवन आर्मी क्लबमा आयोजना भइरहेको छ । विवाहमा विशाल भण्डारी, कमेडी कलाकारहरू सुमन कार्की, भरतमणि पौडेल, प्रभात लामा, मेक्सम गौडेललगायत कलाकार, आफन्त र साथीभाइको उपस्थिति रहेको छ । उनीहरूको विवाह भोज पनि आजै बेलुका आयोजना गरिएको छ । विवाह अगाडि सोमबार उनीहरूको मेहन्दी समारोह आयोजना भएको थियो । जसमा सेलिब्रेटीको बाक्लो उपस्थिति थियो । विक्की 'कमेडी च्याम्पियन'का फष्ट रनरअप हुन् भने श्रद्धा ले निर्देशकीय पाटो सम्हालेकी थिइन् । श्रद्धाले 'दर्पणछाया २' र 'प्रेमगीत २' समेत अभिनय गरेकी छन् ।


बिहीबार, २८ वैशाख २०८० (Thursday, May 11, 2023)


# नवलको भनाइले देशभक्त नेपालीको आँखाबाट आँसु बग्छ : भीम रावल

■ प्रभाव संवाददाता




**काठमाडौं–** अभिनेता नवल खड्काले फिल्म 'काँडेतार' आफूले देशभक्तिका लागि बनाएको बताएका छन् । उनले आफ्नो चलचित्र देशको हित विपरीत भए आफूलाई मारिदिए पनि स्वीकार्य हुने धारणासमेत राखेका छन् ।

मंगलबार फिल्म 'काँडेतार'लाई चलचित्र सेन्सर बोर्डले प्रदर्शनमा रोक लगाएको विषयमा आयोजित पत्रकार भेटघाट कार्यक्रम नवलले फिल्म निर्माणको समयको दुःख समेत सुनाए ।

'मैले देशभक्तिको विषयमा बनाएको 'काँडेतार' पैसा दिन्छु भन्दापनि स्टारले खेल्न मानेनन्', उनले भने 'विदेशमा भए देश भक्तिपूर्ण फिल्म स्टारले सित्तैमा खेल्थे ।' फिल्म निर्माणको समय कलाकार पाउन गाह्रो भएको गुनासो गरेका नवलले स्क्रिप्टमा नेपाल प्रहरीलेसमेत दुःख दिएको बताए । 'ज्यानको बाजी थापेर देशभक्तिले ओतप्रोत फिल्म बनायौं, अहिले सेन्सरले दुःख दियो', उनले थपे 'मेरो फिल्म राष्ट्रियताको पक्षमा छ । फिल्म बिना काटछाँट रिलिज गर्न पाउनुपर्छ ।'

कार्यक्रममा पूर्वउपप्रधान तथा गृह मन्त्री डा. भीम रावलले फिल्म 'काँडेतार'ले उठाएको विषयवस्तु देशको हितका खातिर भएकोले फिल्म प्रदर्शनमा रोक्न लगाउन नहुने बताए । उनले देशभक्तिपूर्ण कला, साहित्य तथा चलचित्र जे भए पनि राज्यले सबैका अगाडि राख्ने अवसर दिनुपर्ने उनको धारणा थियो ।

'काँडेतारका नायक तथा निर्माता नवल खड्काको एउटा भनाइले प्रत्येक देशभक्त नेपालीको आँखाबाट आँसु बग्छ । नवलजीले भन्नु भयो, मैले देशका लागि फिल्म बनाएको हो । यदि चलचित्र देशको हितमा छैन भने मलाई भन र मारिदेउ', रावलले भने 'देशको सीमा सुरक्षाका लागि चलचित्र भनेको सांकेतिक कुरो मात्र हो । चलचित्रले सिमाना रक्षा गर्ने होइन ।'

रावलले अहिले समयमा कुनै पनि देशमा दुई शक्ति हुन्छ, एउटा शक्ति सेना, प्रहरी, बन्दुक लगायत र अर्को नरम शक्ति साहित्य, कला, गीत, चलचित्र हुने बताए । उनले नरम शक्तिले देश चिनाउने समेत धारणा राखे ।

'देशको पानी खाएका कलाकर्मीले देशको सीमा सुरक्षा हुनपर्छ भनेर आवाज उठाउन निर्माण गरेको फिल्म रोकिनु भनेको नरम शक्ति समाप्त पारेर विदेशीको चाकडी गर्नु हो', रावलले थपे । फिल्मले सिमामा काँडेतार लगाउनुपर्छ भन्ने जिम्मेवार निकायलाई आँखा देखाएको रावलको भनाई थियो । 'विदेशमा बन्ने देशभक्ति पूर्ण चलचित्रको राज्यले संरक्षण गर्छ । नेपालमा यी यसरी रोकिन्छ', रावलले अगाडि थपे 'फिल्म काँडेतार बिना काटछाँट प्रदर्शन हुनुपर्छ ।'

त्यस्तै राप्रपाका सांसद ज्ञानेन्द्र शाहीले फिल्म 'काँडेतार' रिलिजका लागि राज्यले वातावरण बनाउनुपर्ने बताए । 'हरेक नागरिकले आफूले निर्माण गरेको चलचित्र प्रदर्शन गर्न पाउनु उसको पूर्ण अधिकार हो । देशमा सूचनाको हक छ', शाहीले भने, 'चलचित्र गीत संगीतमा रोक लाग्नु भनेको विकासमा रोक लाग्नु हो ।' शाहीले राष्ट्रियता र राष्ट्रलाई बलियो बनाउन चलचित्रको महत्त्वपूर्ण भूमिका हुने धारणा राखे ।

'फिल्ममा नेताहरूलाई व्यंग्य गरिएको छ रे । त्यसकारण काँडेतार रोकियो भन्दा आश्चर्य लाग्यो । किनभने प्रजातन्त्रमा आलोचना भएन भने त्यो प्रजातन्त्र होइन', शाहीले अगाडि भने 'देशको भलो चिताइएको फिल्म काँडेतार जसरी पनि चल्न पाउनुपर्छ ।'

सामाजिक अभियन्ता प्रा.डा सुरेन्द्र केसीले पनि फिल्म काँडेतार सार्वजनिक प्रदर्शनमा आउन पाउनुपर्नेमा जोड दिए ।

फिल्म 'काँडेतार' केही अगाडि सेन्सरमा गएको थियो । फिल्मका केही संवाद र दृश्य काटछाँट गर्नुपर्ने भन्दै सेन्सरले प्रदर्शनमा रोक लगाएको छ । निर्माता निर्देशक नवल खड्का भने आफूले देशभक्तिपूर्ण फिल्म बनाएको भन्दै बिना काटछाँट प्रदर्शन गर्न पाउनुपर्ने माग राख्दै आएका छन् । सामना फिल्मस् प्रालिको निर्माण रहेको फिल्मले खुला सीमाका कारण सीमाक्षेत्रमा भइरहेका अपराध, नागरिकमाथिको अत्याचारविरुद्ध नेपाली जनताको प्रतिरोध लगायतको विषय कथावस्तुका रूपमा उठाएको छ ।

माकिको राई र अन्जु केसी निर्माता रहेको फिल्मको कार्यकारी निर्माता गायिका सत्यकला राई हुन् । फिल्मको सहनिर्मातामा रोमियन लिम्बू, बिमला कट्टेल, डा. अमित विश्वास, राजेन्द्र भगत, पन्नालाल सिक्दार, दिनेश कुमार राय, नादिया खड्का र सनया खड्का रहेका छन् ।

फिल्ममा नवल खडका, गौरव पहारी, सुरविना कार्की ,रेबिका गुरूंग, प्रशान्त यादव, मुरलिधर, प्रेम सुब्बा, संजय खतिवडा, पुष्प श्रेष्ठ, रोमियन लिम्बू, केशव रायामाफी, राजेन्द्र भगत, पर्शुराम चौधरी, पन्नालाल सिक्दार, महेश गिरी, खेम नेपाली, राम विश्वास र बालकलाकार नादिया खड्का र सनया खड्का लगायतको अभिनय छ ।

# 'मिस्टर सुप्रानेसनल २०१८'का विजेता प्रथ्मेश आए नेपाल

■ प्रभाव संवाददाता



**काठमाडौं–** 'मिस्टर सुप्रानेसनल २०१८' का विजेता प्रथ्मेश मौलिंगकार नेपाल आएका छन् । तेस्रो संस्करणको 'मिस्टर एन्ड मिस नेशनल नेपाल २०२३' मा प्रतिस्पर्धा गरिरहेका अन्तिम २१ प्रतियोगीमध्ये विजेता छान्न उनी बुधवार काठमाडौं आइपुगेका हुन् । उनले टप मोडल राउण्ड, स्वीमर राउण्ड, प्रि-जज राउण्ड र फाइनलमा निर्णायकको भूमिका निर्वाह गर्नेछन् ।

'पटक पटकको प्रयासपछि नेपाल आइपुगेको छु यसअगाडि कोरोना भाइरसको कारण भएको कडाइले गर्दा आउँन सकेको थिइन् यो बसाई मेरो लागि उपलब्धिमुलक हुनेछ', मौलिंगकारले भने, 'हामी सुप्रानेसनल सबै परिवार हौं । यहाँ आएर निर्णायकको भूमिका निर्वाह गर्न पाउँदा खुसी छु । साथै, नेपालमा समेत यो प्रतियोगिताको सुरुआत भएको छ । आयोजकलाई धन्यवाद भन्न चाहन्छु ।'

उनको नेपाल आगमन र प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गर्नुले अन्तर ष्ट्रियस्तरमा छवि निर्माणमा सघाउने आयोजक संस्था सनुभी इन्टरनेशनल प्रालिले जनाएको छ । नेपालमा प्याजेन्ट ल्याएर प्रतियोगिता गराइरहेका नेपाल निर्देशक सन्तोष उपाध्यायले मौलिंगकारको नेपाल बसाई नौ दिन हुने बताए । 'उनले हाम्रो प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गर्नुका साथै नेपालको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने गतिविधीमा सहभागी हुनेछन्', निर्देशक उपाध्यायले भने ।

प्रतियोगितामा काठमाडौंसँगै इटहरी, धनगढी र पोखरामा भएको अडिसनमार्फत छनोट भएका १७० बाट छानिएका ३६ र त्यसबाट छानिएका २१ जना प्रतियोगीले प्रस्तिस्पर्धा गरिरहेका छन् । 'म आफैं प्रतियोगीको रूपमा मिस एन्ड मिस्टर सुप्रानेसनलमा सहभागी भएर चौथो बनेपछि अवसरको सिर्जना गर्नुपर्छ भनेर यसलाई नेपालमा सुरु गरेको हुँ । यसपटक मैले मिस ग्लोब र मिस्टर इन्टरनेशनलको शीर्षकसमेत थपेको छु', निर्देशक उपाध्यायले भने ।

## रंगशाला

# नेपालसँगै विश्वकप छनोट खेल्ने १० राष्ट्रको टुंगो

■ प्रभाव संवाददाता




**काठमाडौं–** आगामी महिना जिम्बावेमा आयोजना हुने आइसीसी एकदिवसीय विश्वकप क्रिकेटको छनोटमा सहभागी हुने सबै १० देशको टुंगो लागेको छ ।

आयरल्यान्डले विश्वकप सुपर लिगको शीर्ष ८ मा रहेर सिधा विश्वकप खेल्ने अवसर गुमाएसँगै छनोटमा सहभागी रहने १० देशको टुंगो लागेको हो ।

आइसीसी एकदिवसीय विश्वकपमा छनोट हुनका लागि जिम्बावेमा आयोजना हुने विश्वकप छनोट खेलमा १० राष्ट्रले सहभागीता जनाउदै छन् ।

विश्वकप छनोट आगामी १८ जुन देखि ९ जुलाई सम्म आयोजना हुनेछ । सुपर लिगको अन्तिम सिरिजको पहिलो खेलमा बर्षाका कारण खेल रद्द भए पछि बंगलादेशसँग अंक बाडेको आयरल्यान्डले सिधा विश्वकप छनोटको अवसर गुमाएको हो ।

सुपर लिगमा सहभागी रहेका श्रीलंका,वेस्ट इन्डिज,जिम्बावे र नेदरल्यान्ड्सले यस अघि नै विश्वकप छनोट खेल्ने पक्का भईसकेको छ । त्यसमा अब आयरल्यान्ड पनि थपिएको छ ।

१३ राष्ट्र सहभागी सुपर लिगबाट आयोजक भारत,पाकिस्तान,अस्ट्रेलिया,न्युजिल्यान्ड,बंगलादेश,इंग्ल्यान्ड र अफगानिस्तान सिधा विश्वकपका लागि छनोट भईसकेका छन् । यसमा अब दक्षिण अफ्रिका थपिएको छ ।

विश्वकप छनोटमा लिग टू बाट नेपाल, स्कटल्यान्ड र ओमानले स्थान बनाएका छन् । गत महिना सम्पन्न ६ देश सम्मिलित विश्वकप प्लेअफ क्वालिफायरबाट अमेरिका र युएई शीर्ष दुईमा रहँदै विश्वकप छनोटमा पुगेका छन् ।

**क्रिकेट विश्वकप छनोट खेल्ने १० टोली**:
वेस्ट इन्डिज, श्रीलंका, जिम्बावे, आयरल्याण्ड, नेदरल्याण्ड्स, स्कटल्याण्ड, ओमान, नेपाल, अमेरिका, युएई

# बिएनएको विजयी सुरुआत

■ प्रभाव संवाददाता

**काठमाडौं–** आयोजक बसुन्धरा नेसनल एकेडेमी (बिएनए) ले छैटौं बिएनए कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर गर्ल्समा विजयी सुरुआत गरेको छ ।

बसुन्धरास्थित घरेलु कोर्टमा बिएनएले ह्वाइट माउन्टेनलाई २४-१४ ले पराजित गर्‍यो । बिएनएकी स्मृति खत्रीले १२ अंक जोडिन् । सिनियर गर्ल्सकै अन्य खेलमा नेपाल मोडेलले स्किब्सलाई १८-८, पृथ्वीले ग्रिनल्यान्डलाई २८-१६ र एचएचसीएले फेरिल्यान्डलाई २०-१२ ले हराए । नेपाल मोडेलकी चुनिमा गुरुङले ८, पृथ्वीकी बबिता घिमिरेले १४ र एचएचसीएकी प्रमिता लामाले ६ अंक जोडे ।

जुनियर ब्वाइजमा पनि बिएनएले जितका साथ यात्रा प्रारम्भ गरेको छ । बिएनएले पारामाउन्टलाई १८-८ ले पाखा लगायो । बिएनएका दिपेश पण्डितले ८ स्कोर गरे । जुनियर ब्वाइजमै फेरिल्यान्डले एचएचसीएलाई २४-१२ तथा ओडिसी इन्टरनेसनल एकेडेमीले सिद्धार्थ मोडेललाई १६-१० ले पन्छाए । फेरिल्यान्डका तेनिल खत्रीले १० तथा ओडिसीका मुकेश शर्माले ८ अंक बटुले ।

सिनियर ब्वाइजको थ्री बाइ थ्रीमा नेपाल मोडेलले ओडिसीलाई १५-११ तथा पृथ्वीले स्काइलार्कलाई १४-११ ले पराजित गरे ।

प्रतियोगिताको टोखा नगरपालिकाअन्तर्गत शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख बाबुराम गौतमले एक कार्यक्रमबीच उद्घाटन गरे । सिनियर ब्वाइजमा २४ तथा जुनियर ब्वाइज र सिनियर गर्ल्समा समान १२-१२ टिम सहभागी छन् । फाइनल जेठ २ गते हुनेछ ।

# कान्तिपुर हाफ म्याराथन जेठ ६ गते हुने

■ प्रभाव संवाददाता




**काठमाडौं–** कान्तिपुर पब्लिकेशन्सले आयोजनामा ११ औं कान्तिपुर हाफ म्याराथन आउँदो जेठ ६ गते हुने भएको छ । दशक यात्रा पार गरिसकेको कान्तिपुर हाफ म्याराथनको यसपालि मुख्य नारा 'लेट्स गो ग्रिन टुगेदर' रहेको बुधबार पत्रकार सम्मेलनमा पब्लिकेशन्सका सिइओ महेश स्वाँरले जानकारी गराए । प्रतियोगितामा यसपालि पहिलो पटक कलेज रन विधा थपिएको छ । ७ किलोमिटर दुरीमा हुने यस विधामा १८ वर्षमाथिका विद्यार्थीले दौडन पाउनेछन् ।

यसबाहेक हाफ म्याराथन २१ दशमलव १ किमी, कर्पोरेट ५ किमि र ह्विलचेयर ३ किमि गरी अन्य विधा यथावत नै रहेको स्वाँरले बताए ।

उनले विभिन्न देशमा हुने सिटी म्याराथनको अवधारणामा कान्तिपुर म्याराथनले दशक यात्रा पार गर्नु आफैंमा ठूलो उपलब्धि भएको बताए ।

हाफ म्याराथन पुरुष र महिला दुवैका विजेताले जनही १ लाख रूपैयाँ पुरस्कार पाउने छन् । दोस्रोले ५० हजार, तेस्रोले ३० हजार, चौथोले २० हजार, पाँचौंले १० हजार र छैटौं हुने खेलाडीले ५ हजार रूपैयाँ पाउने छन् । शारीरिक रूपमा फरक क्षमता हुने ह्विलचेयरतर्फ पहिलोदेखि तेस्रो स्थान हात पार्नेले क्रमशः ३० हजार, २० हजार र १० हजार पाउनेछन् ।

कलेज रनतर्फ पहिलो, दोस्रो र तेस्रो हुनेले केएफसीबाट फुड गिफ्ट भौचर पाउनेछन् । कर्पोरेटतर्फ विजेतालाई केएफसी र ह्याम्स अस्पतालको तर्फबाट विभिन्न गिफ्ट ह्याम्पर प्रदान गरिने छ । सबै विधामा गरि ३ हजारभन्दा बढीले भाग लिने आयोजकको अपेक्षा छ । खेलाडी दर्ताका लागि जेठ १ गतेसम्म समयसीमा रहेको र खेलाडी दर्ता निःशुल्क रहेको जनाइएको छ ।

कान्तिपुरको मुख्यालय थापाथलीस्थित सेन्ट्रल बिजनेस पार्कबाट सुरु हुने कान्तिपुर हाफ म्याराथन माइतीघर मण्डला, बानेश्वर, तीनकुने, कोटेश्वर, जडिबुटी, लोकन्थली गट्ठाघर, थिमि, सल्लाघारी चोकबाट फन्को लगाएर कोटेश्वर, तीनकुने, बानेश्वर, मण्डला माइतीघर हुँदै सेन्ट्रल बिजनेस पार्कमै आएर टुंगिने छ ।

कर्पोरेट, कलेज रन र ह्विलचेयर रन पनि सेन्ट्रल बिजेनस पार्कबाट सुरु हुनेछ । कर्पोरेट सिभिल हस्पिटल अगाडिबाट फन्को लगाएर सेन्ट्रल बिजनेस पार्कमा आएर टुंगिने छ । ह्विलचेयर रेस माइतीघर मण्डला फन्को लगाएर आउनेछ । कलेज रन तीनकुनेबाट फन्को लगाएर सोही रुटबाट फर्कने एथलेटिक्सका प्रमुख प्रशिक्षक चन्द्र गुरुङले बताए ।

गत वर्ष पुरुषमा नेपाल एपीएफ क्लबका गोपीचन्द्र पार्की र महिलामा नेपाल पुलिस क्लबकी राजपुरा पछाईं विजेता भएका थिए । नवौं संस्करणमा माल्दिभ्सका दुई खेलाडी पनि सहभागी भएका थिए । २०६७ सालमा आयोजित पहिलो संस्करणमै १ हजारभन्दा धेरैले भाग लिएका थिए । २०६८ सालमा १ हजार ५ सय जना दौडिए । २०६९ सालमा सहभागी संख्या २ हजारभन्दा बढी पुगेको थियो । मुख्य स्पर्धा हाफ म्याराथनमा मात्रै ८ सय १२ धावकले प्रतिस्पर्धा गरेका थिए । २०७० सालमा १ हजार ३ सय ६५ जना पुगेको थियो । त्यस्तै २०७१ सालमा २ हजार ३ सय जना दौडिएका थिए भने २०७२ सालमा १ हजार ६ सय ५७ जना सहभागी भएका थिए । २०७३ सालमा १ हजार ५ सय बढी दौडिएका थिए ।

२०७५ सालमा २ हजार ५ सय ६० सय जनाले कान्तिपुर हाफ म्याराथनमा सहभागिता जनाएका थिए ।

महिलातर्फ यसअघि आफूले भाग लिएको आठमध्ये ५ संस्करणमा कान्छीमाया कोजुले उपाधि जितेकी छन् । पुरुषतर्फ हरिकुमार रिमालले चार पटक उपाधि जितिसकेका छन् । हाफ म्याराथनमा १८ वर्ष पुगेका खेलाडीले मात्र भाग लिन पाउने जनाइएको छ । कान्तिपुर पब्लिकेशन्सले पहिलो सात संस्करण आफ्नो वार्षिकोत्सवस"गै फागुन ७ गते नै कान्तिपुर हाफ म्याराथन गर्दै आएको थियो । यसलाई छुट्टै विधा बनाउनुपर्छ भनेर त्यसपछि फरक मितिमा प्रतियोगिता गर्दै आएको सिइओ स्वाँरले बताए ।

कान्तिपुर हाफ म्याराथनको प्रमुख प्रायोजक ग्लोबल आईएमई बैंक रहेको छ । प्रायोजकको तर्फबाट बोल्दै बैंकका डेपुटी सिइओ सुरेन्द्रराज रेग्मीले कान्तिपुर हाफ म्याराथन जस्तो प्रतिष्ठित प्रतियोगितासँग जोडिन पाउँदा गर्व महसुस गर्दै सामाजिक उत्तरदायित्व अन्तर्गत बैंकले सहयोग गरेको बताए ।

नेपाल एथलेटिक्स संघको प्राविधिक सहयोगमा हुने कान्तिपुर हाफ म्याराथनमा सिटिजन लाइफ इन्स्योरेन्स, एपेक्स मेडिकल एन्ड इन्जिनियरिङ, केएफसी चिकेन, पिजा हट, होन्डा मोटरसाइकल, एनटीएनसी, नेपाल खाद्य संस्थान, गमला घर, वेलडन एडभरटाइजिङ, हाम्रो बजार डटकम, ह्याम्स हस्पिटल पार्टनरका रूपमा रहेका छन् ।

# पञ्जाबमा पूर्वप्रधानमन्त्री खान पक्षधरको प्रदर्शन, करिब एक हजार पक्राउ

**लाहोर, पाकिस्तान–** पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानको गिरफ्तारीपछि सुरु भएको प्रदर्शनका कारण पाकिस्तानको सबैभन्दा बढी जनसंख्या भएको प्रान्त पञ्जाबमा करिब एक हजार व्यक्तिलाई पक्राउ गरिएको प्रहरीले बुधबार जनाएको छ ।

'प्रहरी टोलीले प्रान्तभरिबाट ९४५ 'कानुन उल्लंघनकर्ता र उपद्रवी'हरूलाई पक्राउ गरेको छ,' अधिकारीहरूले सञ्चारमाध्यमलाई दिएको जानकारीमा उल्लेख गरिएको छ ।

प्राप्त जानकारीअनुसार खानलाई पक्राउ गरेपछि भएको हिंसामा १३० भन्दा बढी प्रहरी घाइते भएका छन् । पाकिस्तानका पूर्वप्रधानमन्त्री खानलाई गत वर्ष सत्ताच्युत भएयता विचाराधीन दर्जनौं मुद्दामध्ये एक मुद्दामा मंगलबार अदालतमा उपस्थित हुने क्रममा पक्राउ गरिएको थियो ।

महिनौं लामो राजनीतिक संकटपछि उनको गिरफ्तारी भएको हो । पाकिस्तानमा शक्तिशाली भूमिका रहेको सेनाले पूर्वअन्तर्राष्ट्रिय क्रिकेटरलाई उनको हत्याको षडयन्त्रमा एक वरिष्ठ अधिकारीको संलग्नता रहेको आरोप लगाएको केही घण्टापछि उनलाई पक्राउ गरिएको हो ।

खानको पाकिस्तान तेहरिक-ए-इन्साफ (पिटिआई) पार्टीका अधिकारीहरूले उनलाई पक्राउ गरेपछि समर्थकहरूलाई सडकमा आउन आग्रह गरेका थिए तर प्रहरीले चार जनाभन्दा बढी भेला हुन नपाइने आदेशलाई कडाइका साथ लागू गरिने चेतावनी दिएको छ ।

आन्दोलनका लागि पार्टीले गरेको आग्रहसँगै पिटिआई समर्थकहरूले राजधानी इस्लामाबाद, लाहोर र पेशावरसहित देशभरका सहरहरूमा भेला भएर सडक अवरुद्ध गरेका थिए ।

**खान इस्लामावाद अदालतमा उपस्थित**

यसैबीच पूर्वप्रधानमन्त्री खान बुधबार इस्लामावादको विशेष अदालतमा भ्रष्टाचारको आरोपमा सुनुवाइका लागि उपस्थित भएका छन् । अर्धसैनिक बलले उनलाई यहाँको अदालतबाट गिरफ्तार गरेपछि देशभर व्यापक विरोध प्रदर्शन भएको छ ।

यसैबीच पाकिस्तानको आन्तरिक मन्त्रालयले बुधबार पूर्वी प्रान्त पञ्जाबमा कानुनी व्यवस्थाको सुनिश्चित गर्नका लागि सेनाको सहयोग माग गरेको मन्त्रालयले उल्लेख गरेको छ । जियो न्युजले स्रोतलाई उद्धृत गर्दै उल्लेख गरेको छ- न्यायाधीश मुहम्मद बशीरले सुनुवाइको अध्यक्षता गर्दै नेशनल एकाउन्टेबिलिटी ब्युरो (एनएबी) ले अल-कादिर ट्रस्ट भ्रष्टाचार मुद्दामा खानलाई १४ दिनको हिरासतमा राख्न अनुमतिका निम्ति अदालतलाई अनुरोध गरेको छ ।

नेसनल एकाउन्टेबिलिटी ब्युरो (एनएबी) का डेपुटी प्रोसिक्युटर जनरल सरदार मुजफ्फर अब्बासी र विशेष अभियोजक रफिक मसूद पनि अदालतमा उपस्थित भएको जियो न्युजले उल्लेख गरेको छ । अदालतमा एनएबीको तर्फबाट सरकारी वकिल सरदार जुल्कारनैन र अनुसन्धान अधिकृत मियाँ ओमर नदीमले प्रतिनिधित्व गरेका थिए ।

मंगलबार खानलाई इस्लामाबाद उच्च न्यायालयबाहिर पाकिस्तान रेंजर्सले अल-कादिर ट्रस्ट मुद्दामा राष्ट्रिय एकाउन्टेबिलिटी ब्युरो (एनएबी) द्वारा जारी गरेको वारेन्टमा पक्राउ गरेको थियो । *रासस/एएफपी*

# म्यानमारमा भएको हिंसाप्रति 'गहिरो चिन्ता' व्यक्त

**लाबुआन बाजो,** इन्डोनेसिया- दक्षिणपूर्वी एसियाली राष्ट्रहरूले म्यानमारमा जारी हिंसाप्रति 'गहिरो चिन्ता' व्यक्त गरेका छन् । उनीहरूले देशमा मानवीय सहायता प्रदान गर्ने कूटनीतिज्ञको गाडीमाथि हालै भएको आक्रमणको निन्दा गरेका छन् ।

यसै साता इन्डोनेसियामा भएको दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको संगठन (आसियान) को शिखर सम्मेलनमा भएको वार्तामा जुन्टा शासित म्यान्मारमा भएको राजनैतिक थिचोमिचो प्रति सबैको ध्यान आकृष्ट भएको छ । आसियानले संकट समाधानका लागि कूटनीतिक प्रयासको नेतृत्व गरेको छ, तर सन् २०२१ मा भएको सैन्य 'कू'ले निम्त्याएको रक्तपात रोक्न अहिलेसम्मका प्रयास असफल भएका छन् ।

आसियानका नेताले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'हामी म्यानमारमा जारी हिंसाप्रति गहिरो चिन्ता व्यक्त गर्दछौं र मानवीय सहायता र समावेशी राष्ट्रिय संवादको सुरक्षित र समयमै वितरणका लागि अनुकूल वातावरण सिर्जना गर्न सबै प्रकारका हिंसालाई तत्काल अन्त्य गर्न र अनावश्यक बल प्रयोग नगर्न आग्रह गर्दछौं ।'

जुन्टाले अन्तर्राष्ट्रिय आलोचनालाई बेवास्ता गरेको छ र आफ्ना विरोधीसँग सहकार्य गर्न इन्कार गरेको छ । वर्तमान् सरकारको अपदस्थ सांसदहरू, कू विरोधी समूह 'पिपुल्स डिफेन्स फोर्सेज' र सशस्त्र जातीय अल्पसंख्यक समूह समावेश छन् । गत महिना विद्रोहीको गढ रहेको एउटा गाउँमा भएको हवाई आक्रमणमा करिब १७० जनाको ज्यान जाने गरी भएको हवाई आक्रमणको विश्वव्यापी निन्दा भएको थियो ।

म्यान्मारमा आसियान मानवीय राहतको समन्वय गरिरहेका कूटनीतिज्ञ र अधिकारी चढेका सवारी साधनको एक समूहमाथि आइतबार आक्रमण भएपछि क्षेत्रीय समूहमाथि दबाब बढेको थियो । सिंगापुर र इन्डोनेसियाले यसअघि म्यान्मारस्थित आफ्ना दूतावासका कर्मचारी पूर्वीशान राज्यमा रहेको, उनीहरूका सवारीसाधनमा आगो लागेको तर कुनै क्षति नभएको बताएका थिए ।

आसियानका नेताले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'हामीले आक्रमणको निन्दा गरेका छौं र आक्रमणकारीलाई जवाफदेही बनाउनुपर्छ भन्नेमा जोड दिएका छौं ।'

सम्मेलनलाई सम्बोधन गर्दै इन्डोनेसियाका राष्ट्रपति जोको विडोडोले १० सदस्यीय समूहका सदस्य एकजुट भएमा बढ्दो विश्वव्यापी चुनौतीको सामना गर्न सक्नेमा आफू विश्वस्त रहेको बताए । 'एकताको साथ, आसियानले शान्ति र विकास ल्याउन केन्द्रीय भूमिका खेल्न सक्षम हुनेछ,' विडोडोले शिखर सम्मेलनको उद्घाटन सत्रमा भने । *रासस/एएफपी*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ORAK FOUNDATION for serving meals

पूर्व स्वीकृति मिति २०८०/०१/२७ LT. No.285819 चलानी नं. ६०२०१२१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 02 | 0 | 1000 | ३५,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०४ गते (18th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ३८४/०५९/०६०

**Pigeon International Overseas Pvt. Ltd**

Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal

Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np

Website www.pigeoninternational.com.np



## साउदी/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ZN TRADING EST

पूर्व स्वीकृति मिति २०७९/१२/२० पुन विज्ञापन स्वीकृति मिति: २०८०/०१/२७ LT. No.283959 चलानी नं.६०१९७८२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 03 | 0 | 1000 | ३५,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AMORA FANN LADIES BEAUTY SALON FINTAS

पूर्व स्वीकृति मिति २०८०/०१/२७ LT. No.285838 चलानी नं.६०२०१११२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ladies Beauty Salon. | 0 | 02 | 120 | ५१,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ०४ गते (18th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १०००/०६८/०६९

**Honesty Overseas Pvt.Ltd.**

Basundhara Chowk-8, Kathmandu, Nepal

Phone No.: +977-1-4364494, 4352243

Email : honestyoverseas@gmail.com, Web: www.honestyoverseas.com.np



## जापानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : The Mie Kumano-Kodo Society of Commerce and Industry

पूर्व स्वीकृति मिति: २०८०/०१/१७ LT. No. 284227 चलानी नं. ६०२००९१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plastic Molding | 0 | 04 | 153012 | १,५७,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : The Mie Kumano-Kodo Society of Commerce and Industry

पूर्व स्वीकृति मिति: २०७९/१२/२७ LT. No. 284226 चलानी नं. ६०१९९८३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plastic Molding | 0 | 01 | 164000 | १,५९,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ०४ गते (18th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: ५०,०००/-

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।

१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः जम्मा रू. ३५,०००/- (पैतिस हजार) मात्र ।
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

श्रम ईजाजत नं. ६३१/०६३/०६४

**Google Overseas Pvt.Ltd**

New Town Planing Airport-9, Kalimatidole, Ktm, Nepal

Phone No.+977-01-4487063 Fax : +977-01-4465296

E-mail : info@googleoverseas.com Website : www.googleoverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KING CAR WASHES FOR CAR SERVICE

पूर्व स्वीकृति मिति:२०८०/१/२७ LT. No. 285827 चलानी नं. ६०२०१२११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | VEHICLE CLEANING LABOUR | 04 | 0 | 1000 | ३५,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ०४ गते (18th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ६६१/०६६/०६७

**G.R. Manpower Service Pvt. Ltd.**

Samakhusi- 26, Kathmandu, Nepal. Tel : +977-1-4355695

E-mail: grmanpower861@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHENG KOL AUTOCOOL SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१०/१० पुन : विज्ञापन स्वीकृति मिति २०८०/०१/२७ LT. No. 280032 चलानी नं. ६०१९५५९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory worker | 01 | 0 | 1500 | ४४,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : GLENVEX SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०९/१८ पुन : विज्ञापन स्वीकृति मिति २०८०/०१/२७ LT. No. 278533 चलानी नं. ६०१९४२११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning Worker | 03 | 0 | 1500 | ४४,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ जेष्ठ ४ गते (18 May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 902/067/68

**KHOJI RECRUITMENT SERVICES PVT. LTD.**

Bijaybasti, Sanepa-2, Lalitpur, Contact: 01-5555792, 01-5555896

Email: khoji.nepal2022@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDULLAH BIN ESSA BIN HAMAD AL OWAIDAN GENERAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०७९/११/२९ पुन विज्ञापन स्वीकृति मिति: २०८०/०१/२७ LT. No. 282595 चलानी नं. ६०१९७९८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 100 | 0 | 1000 | ३५,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० ४ देखि ७ गते (18 To 21th May. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने : नि: शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1149/073/074

**दैलेख ओभरसिज प्रा.लि.**

बसुन्धारा, चक्रपथ, काठमाडौं, नेपाल फोन नं. +९७७-१-४३८०१२१, ४३६२७१२

ई-मेल : everestnepal.hr@gmail.com, everestnepalglobalrecruitment@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PASARAYA SEJATI T(TANJUNG GADING) SDN BHD

पुर्व स्वीकृति मिति २०७९/०९/१२ पुन : विज्ञापन स्वीकृति मिति २०८०/०१/२७ LT. No. 278219 चलानी नं. ६०१९३७८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Storage Labor Fish Cooker | 10 | 0 | 1500 | ४४,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ०४ गते (18th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1503/074/75

**BIGYAN HR MANAGEMENT PVT. LTD.**

Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AZUMI SAUDI CO.LTD

पूर्व स्वीकृति मिति २०८०/०१/२६ LT. No. :285735 चलानी नं. ६०२०१२०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 02 | 0 | 1200 | ४२,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०४ गते (18th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १३०५/०७४/०७५

**All Asia Overseas Pvt.Ltd**

Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal

Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : Oriwina Sdn.Bhd.

पुर्व स्वीकृति मिति २०७९/०८/१६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२७ LT. No. 276978 चलानी नं. ६०१९४६२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL WORKER | 03 | 0 | 1500 | ४४,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ०४ गते (18th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 937/067/068

**Aseana International Pvt. Ltd.**

Lekhnath, Marga, Nayabazar-16, Kathmandu, Nepal.

Tel:- +977-1-4389850,4389563 Mobile no:9807960966,9852682331

Fax:- +977-01-4389563 Email:-aseana.manpower@gmail.com

info@asenainternational.com,Website:- www.aseanainternational.com


प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

छापावाला सुन / तेजाबी सुन / चाँदी

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १११६०० | प्रति तोला - १११०५० | प्रति तोला - १४४५ |





ग्राहकको प्रतीक्षामा | सुर्खेत-दैलेख सडकखण्डअन्तर्गत गुराँस गाउँपालिका-४ स्थित तालपोखरी नजिकै बिक्रीका लागि राखिएको काफल ।

*तस्बिरः सुरेश आचार्य/रासस*

# अहिले सबैभन्दा ठूलो चुनौती स्रोतको छ : अर्थमन्त्री

■ प्रभाव संवाददाता



**काठमाडौं–** अर्थमन्त्री डा प्रकाशशरण महतले आगामी आर्थिक वर्षको बजेटका लागि स्रोत जुटाउन निकै सकसपूर्ण रहेको बताएका छन् । नेपाल उद्योग वाणिज्य महासङ्घले बुधबार काठमाडौंमा आयोजना गरेको प्रि-बजेट छलफलमा उनले अनिवार्य दायित्व सिर्जना भइसकेका बहुवर्षीय र क्रमागत आयोजनाका लागि समेत स्रोत जुटाउन धौधौको अवस्था रहेकाले नयाँ आयोजनालाई कसरी बजेटमा पार्ने भनेर चुनौती रहेको बताएका हुन् ।

'हजारौं आयोजनाको ठेक्का लागिसकेको छ । तर त्यसको स्रोत सुनिश्चितता गर्न समस्या छ । अहिले सबैभन्दा ठूलो चुनौती भनेको स्रोतको चुनौती हो', अर्थमन्त्री महतले भने, 'सरकारी राजस्व कम छ । अनुदान र ऋण पनि लक्ष्यअनुसार संकलन हुनसकेको छैन । धेरै ठाउँमा योजना दिनुपर्ने दबाब छ । तर हामीसँग स्रोत कम छ ।'

अर्थतन्त्रको दायरा फराकिलो बनाउन लगानी बढाउने विषय सरकारको प्राथमिकतामा रहेको पनि अर्थमन्त्री महतको भनाइ छ । 'लगानीलाई सहज बनाउनुको विकल्प छैन । जति लगानी बढ्छ, त्यति राजस्व बढ्छ । नियम कानुन पालना गरेर सहज रूपमा उद्यम गर्नसक्ने वातावरण तयार पार्न सरकार कटिबद्ध छ', उनले भने ।

अर्थतन्त्र सुधारका लागि नयाँ अध्याय सुरु गर्नुपर्ने बेला आएको पनि अर्थमन्त्री डा महतले बताए । अहिले पुँजीगत खर्च बढाउने र सार्वजनिक खर्च कटौती गर्नतर्फ सरकारको ध्यान केन्द्रत रहेको पनि उनको भनाइ छ । मौद्रिक नीतिको समीक्षामार्फत् ब्याजदर घटाउनेलगायत केही काम गर्न सकिने तथा विभिन्न क्षेत्रमा नीतिगत सुधार (पोलिसी इन्टरभेन्सन) आवश्यक पनि महतले उल्लेख गरे ।

आगामी आर्थिक वर्षको बजेटबारे निजी क्षेत्रका तर्फबाट सरकारलाई सुझाव प्रस्तुत गर्दै महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले अर्थतन्त्रको संरचनात्मक सुधार आवश्यक रहेको बताए । त्यस्तै निजी क्षेत्रको सहकार्यमा आर्थिक सुधारका कार्यक्रम सुरु गर्न सरकारले कत्ति पनि ढिलाइ गर्न नहुने पनि उनले बताए । 'भारत, चीन, रुवान्डा, बंगलादेशजस्ता मुलुकमा गरिबी तीव्र रूपमा घट्नुको कारण भनेको निजी क्षेत्रको नेतृत्वमा आर्थिक सुधारका कार्यक्रम अगाडि बढाउनु हो', ढकालले भने, 'अब आउने नीतिले त्यो आँट गर्नुपर्छ । हामी यत्तिकै बस्यौं भने अर्थतन्त्रमा सुधार हुँदैन ।'

अर्थतन्त्र सुधारको प्रयास मौद्रिक नीतिको चौँथो त्रैमासिक समीक्षा, आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, बजेट र मौद्रिक नीतिमार्फत् गरिनुपर्ने सुझाव ढकालको छ । स्वदेशी तथा विदेशी लगानीलाई बढाउन जरुरी रहेको पनि उनले बताए । 'अहिलेको हाम्रो प्राथमिकता भनेको स्वदेशी र विदेशी लगानीलाई प्रवर्द्धन गर्न विशेष कार्यक्रम सञ्चालन गर्नु पनि हो । विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन ल्याउने, एकद्वार केन्द्र स्थापना गर्नेलगायतका काम गर्दा पनि लगानी बढ्न सकेको छैन । यसबारे सरकार गम्भीर हुन जरुरी छ', अध्यक्ष ढकालले भने । कार्यक्रममा महासङ्घका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले उत्पादन र रोजगारीलाई केन्द्रमा राखेर बजेट ल्याइनुपर्ने बताए । आन्तरिक उत्पादन बढाएर आत्मनिर्भर अर्थतन्त्र स्थापना गर्न सकेमा मात्रै त्यो दिगो हुने उनको भनाई छ ।

# आयात-निर्यात दुवै घट्यो

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षको नौ महिनामा वस्तु आयात २६.३ प्रतिशत र निर्यात १८.१ प्रतिशतले कमी आएको जनाएको छ । राष्ट्र बैंकका अनुसार आर्थिक वर्ष २०७९/८० को नौ महिनामा कुल वस्तु निर्यात २६.३ प्रतिशतले कमी आएर १ खर्ब १८ अर्ब २८ करोड रूपैयाँ कायम भएको छ ।

अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ६९.४ प्रतिशतले वृद्धि भएको थियो। गन्तव्यका आधारमा भारततर्फ भएको निर्यात ३५.१ प्रतिशतले कमी आएको छ भने चीन तथा अन्य मुलुकतर्फको निर्यात क्रमशः २.२ प्रतिशत र ८.१ प्रतिशतले वृद्धि भएको बैंकले जनाएको छ ।

वस्तुगत आधारमा जिंक सिट, पार्टिकल बोर्ड, अलैंची, ऊनी गलैंची, तयारी पोशाक लगायतका वस्तुको निर्यात बढेको छ भने सोयाविन तेल, पाम तेल, पिना, लत्ताकपडा, जुटका सामान लगायतका वस्तुको निर्यात घटेको छ ।

आर्थिक वर्ष २०७९/८० को नौ महिनामा कुल वस्तु आयात १८.१ प्रतिशतले कमी आएर १२ खर्ब १ अर्ब ५१ करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ३२.० प्रतिशतले बढेको थियो । वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमशः १६.४ प्रतिशत, २३.० प्रतिशत र १९.४ प्रतिशतले कमी आएको छ ।

वस्तुगत आधारमा रासायनिक मल, स्पोन्ज आइरन, पेट्रोलियम पदार्थ, सुन, कागज लगायतका वस्तुको आयात बढेको छ भने सवारी साधन तथा स्पेयर पार्टस्, औषधि, एमएस विलेट, दूरसञ्चारका उपकरण तथा पार्ट्स, अन्य मेसिनरी तथा पार्टस्लगायतका वस्तुको आयात घटेको छ ।

निर्याततर्फ भैरहवा, सुक्खा बन्दरगाह, कैलाली, कृष्णनगर, मेची, नेपालगञ्ज, रसुवा र त्रिभुवन विमानस्थल भन्सार कार्यालय बाहेकका प्रमुख नाकाबाट गरिएको निर्यात घटेको छ । आयाततर्फ सम्पूर्ण प्रमुख नाकाबाट भएको आयातमा कमी आएको छ ।

## कर्पोरेट

### संकटा क्लबलाई हिमालयन बैंकको १० लाख सहयोग



**काठमाडौं (प्रस)–** हिमालयन बैंक लिमिटेडले सहिद स्मारक ए डिभिजन फुटबल प्रतियोगितामा सहभागी रहेको न्यूरोड स्थित संकटा क्लबलाई रूपैयाँ दश लाख प्रदान गरी प्रायोजन गरेको छ । बैंकले सो रकम खेलाडीहरूको खेल तयारी तथा खेलमा आवश्यक पर्ने सर-सामान खरिद गर्न उक्त क्लबलाई मद्दत स्वरूप प्रदान गरेको हो । बैंकले विगत देखि नै देशमा विभिन्न खेलकुद तथा खेलाडीहरूको विकास र प्रवर्द्धनमा योगदान प्रदान गर्दै आएको छ । बैंकका तर्फबाट बैंकका अध्यक्ष प्रचण्ड बहादुर श्रेष्ठ तथा प्रमुख कार्यकारी अधिकृत अशोक शम्शेर राणाले सो रकम एक समारोहका बीच संकटा क्लबका अध्यक्ष इन्द्रमान तुलाधरलाई हस्तान्तरण गरेका छन् । उक्त समारोहमा नायब प्रमुख कार्यकारी अधिकृत उज्जल राजभण्डारी लगायत अन्य वरिष्ठ पदाधिकारीहरू सहित वडा नं २२ का वडा अध्यक्ष चिनीकाजी मर्हजन लगायत क्लबका अन्य प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

### टाटाको नेक्सन इभी म्याक्स नेपाली बजारमा




**काठमाडौं (प्रस)–** टाटा मोटर्सले नेक्सन इभी म्याक्सको नेपाली बजारमा बिक्री वितरण सुरु गरेको छ । कम्पनीको सर्वोत्कृष्ट ढंगले बिक्री भइरहेको नेक्सन इभीको विस्तारित स्वरूप यो नँया गाडी ७.२ किलोवाट चार्जिंगको व्यवस्था सहित रु .४६ लाख४९ हजारको आकर्षक मूल्यमा उपलब्ध छ ।

उत्कृष्ट एवं दिगो 'मोबिलिटी'मा विश्वास राख्ने ग्राहकहरूलाई लक्षित नेक्सन इभी म्याक्सले देशको समग्र विद्युतीय सवारी साधनको बजारलाई नँयाउचाई पुऱ्याउने अपेक्षा गरिएको छ । उच्च भोल्टेजको उच्चतम जिपट्रन प्रविधियुक्त यो विद्युतीय गाडी इन्टेन-टिल, डेटना र प्रिसटिन गरी तिनवटा आकर्षक रंगहरूमा उपलब्ध छ। त्यसैगरी, स्ट्यान्डर्ड रंगको रूपमा डुएल टन बडी पनि उपलब्ध छ । ४०.५ किलोवाट-प्रति घण्टा क्षमता भएको लिथिएम ब्याट्री प्याक जडित नेक्सन इभीम्याक्सको ब्याट्रीको क्षमता अन्य ब्याट्रीहरू भन्दा ३३ प्रतिशतले बढी छ । यस कारणले यो गाडीले विनाकुनै झञ्झट एआरएआईद्वारा प्रमाणित ४५३ किलोमिटर लामो रेञ्जको प्रत्याभूति गर्दछ । यसले १०० किलोवाट बराबरको शक्तिको अतिरिक्त पेडल थिच्ने बितिक्कै २५० एनएम बराबरको टर्क पैदा गर्छ ।

यस गाडीमा प्रयोग हुने ७.२ किलोवाटको एसी फास्ट चार्जर घर वा कार्यालयमा जडान गर्न सकिन्छ । जसले ६.५ घन्टाको छोटो अवधिमा नै चार्ज हुन्छ । नेक्सन इभी म्याक्सको ब्याट्री कुनै पनि ५० किलोवाटको डिसी फास्ट चार्जरको माध्यमबाट केवल ५६ मिनेटमा ० देखि ८० प्रतिशतसम्म चार्ज हुन्छ ।

### आइजिआई प्रुडेन्सियल इन्स्योरेन्सका अध्यक्षले लिए शपथ



**काठमाडौं (प्रस)–** आइजिआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेडका अध्यक्ष हेमराज ढकालले पदका शपथ लिएका छन् । उनले बुधबार नेपाल बीमा प्राधिकरणका अध्यक्ष सुर्यप्रसाद सिलवालसमक्ष नेपाल बीमा प्राधिकरणको कार्यालय कुपण्डोल, ललितपुरमा शपथ ग्रहण गरेका हुन् । उक्त अवसरमा नवनिर्वाचित अध्यक्ष ढकालले नेपाल बीमा प्राधिकरणको निर्देशानुसार समयमा कार्य सम्पन्न गर्न सफल भएकोमा नियमनकारी निकायलाई धन्यवाद समेत दिए । साथै उक्त अवसरमा सिलवालले ढकाललाई सफल कार्यकालका लागि शुभकामना समेत दिए ।

### आइसिटी फाउन्डेसनको डिजिटल कर्णाली संवाद



**सुर्खेत (प्रस)–** कर्णाली प्रदेशको राजधानी सुर्खेतमा डिजिटल संवाद ४.० आयोजना भएको छ । आइसिटी फाउन्डेसन नेपालको आयोजनामा बुधबार सुर्खेतमा रारा ल्याब्स डिजिटल कर्णाली संवाद इन एशोशिएसन विथ फोनपे सम्पन्न भएको हो ।

बुधबार भएको कार्यक्रममा प्रमुख अतिथिको रूपमा कर्णाली प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री कृष्ण जीसीको उपस्थिति रहेको थियो भने विशिष्ट अतिथिको रूपमा मध्यपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा.डा. नन्द बहादुर सिंहको उपस्थिति थियो । यस्तै कार्यक्रममा विरेन्द्रनगर नगरपालिकाका उप-मेयर निलकण्ठ खनाल, कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालयका सचिव सन्त बहादुर सुनार, सुर्खेत चेम्बर अफ कमर्सका एन्ड इन्डष्ट्रीका अध्यक्ष लक्ष्मण कँडेल, क्यान महासंघका केन्द्रिय सदस्य राम रावल, क्यान महासंघका अध्यक्ष प्रेम प्रकाश चन्द, एशिया फान्डेसनका अनुप नेपाली लगायतको उपस्थिति रहेको थियो । डिजिटल संवादमा प्रदेशको डिजिटल अवस्था बारे प्रदेश सरकार, जनप्रतिनिधि, सरोकारवाला र सरकारी तथा गैर सरकारी निकायका प्रतिनिधिबीच वृहत छलफल भएको छ । संवादमा ४ वटा कार्यपत्र प्रस्तुत भएका थिए ।

# नेप्सेमा सामान्य गिरावट

■ प्रभाव संवाददाता

**काठमाडौं–** सेयरबजारमा बुधबार सामान्य अंकको गिरावट देखिएको छ । नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक दुई दशमलव ४३ अंकले घटेर एक हजार आठ सय ४१ दशमलव ९३ अंकमा कायम भएको हो ।




दुई सय ६५ वटा कम्पनीको १९ लाख ४२ हजार छ सय २६ कित्ता सेयर रकम रू ५८ करोड ९१ लाखमा कारोबार भएको छ । विभिन्न समूहको उपसूचक हेर्दा निर्जीवन बीमा समूह ३० दशमलव ८३ अंक र उत्पादन तथा प्रशोधन समूह २६ दशमलव ०३ अंकले बढेको छ ।

त्यस्तै, वित्त समूह तीन दशमलव २६ र जलविद्युत् समूह दुई दशमलव १२ अंकले बढेको छ । सबैभन्दा धेरै होटल तथा पर्यटन समूहमा १४ दशमलव ३९ अंकको गिरावट देखिएको छ । बैंकिङ समूह दुई दशमलव ६३, विकास बैंक समूह आठ दशमलव ९०, लगानी समूह शून्य दशमलव २३ र जीवन बीमा समूह नौ दशमलव २० अंकले घटेको छ ।

त्यस्तै, म्युचुअल फन्ड शून्य दशमलव ०६, व्यापार समूह चार दशमलव ७४ र अन्य समूह १० दशमलव ७८ अंकले घटेको छ ।

हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिडेडको सेयर मूल्य सबैभन्दा धेरै आठ दशमलव २४ प्रतिशतले बढेको छ भने सबैभन्दा धेरै सेयर मूल्य घट्नेमा एनसिसी डिभेन्चर २०८६ को सेयर मूल्य सात दशमलव २४ प्रतिशत छ ।

कारोबार रकम र कारोबार भएको सेयर सफ्याका आधारमा बुधबार सबैभन्दा धेरै हिमाल दोलखा हाइड्रोपावर लिमिटेडको रू तीन करोड ५६ लाख १० हजार आठ सय ८७ बराबरको दुई लाख १९ हजार पाँच सय ५२ कित्ता सेयर किनबेच भएको छ ।

# आन्दोलनमा विज्ञापन व्यवसायी, तीनकुनेमा प्रदर्शन



**काठमाडौं (प्रस)–** नेपाल विज्ञापन संघ आनले बुधबार तीनकुनेमा सरकारद्वारा जारी गर्न लागेको विज्ञापन नीतिको विरोधमा प्रदर्शन गरेको छ ।

उक्त कार्यक्रममा हाल सरकारले प्रस्ताव गरेको विज्ञापनमा एकद्वार नीतिको विषयमा आनले विरोध जनाउँदै श्रृंखलाबद्ध विरोधको कार्यक्रमको घोषणा गरेको छ ।

विरोधको कार्यक्रममा आनका अध्यक्ष सोमप्रसाद धिताल, निवर्तमान अध्यक्ष रविन्द्रकुमार रिजाललगायतले बोलेका थिए । उक्त अवसरमा विरोध ऱ्यालीपछि धर्नासमेत दिएका थिए ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ